महोपकारक सयादो ऊ. पण्डिताभिवंशद्वारा उपदेशित

# शासनिक अंशियार हुने कसरी ?



- अनु. भिक्षु विमलो

Dhamma.Digital

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

महोपकारक सयादो ऊ. पण्डिताभिवंश द्वारा उपदेशित

# धर्मको अंशियार हुने कसरी ?

– अनु. भिक्षु बिमलो

Downloaded from http://dhamma.digital

**प्रकाशक**:

धर्मराज लामा प्रमुख

संघनायक भिक्षु बुद्धघोष महास्थविर (१०१५), भिक्षु नायक (५०५), अनागारिका नेक्खमी (११०), अनागारिका अभया (१२०), गीता गुरुंग, थसिखेल (२०००), लालमाया लामा, प्रयागपोखरी (१६००), दिनेश र शान्ति श्रेष्ठ (१०००), बसन्त र रिता तामांग (१०००), काजी लाल डंगोल (५६५), मञ्जरी लामा, महाराजगञ्ज (५०७), हेराकाजी, हौगल (५०५), नेर्बु लामा (५०१), चन्द्र मान डंगोल, तंगल (५०१), दुण्ड बहादुर वज्राचार्य (५००), बाबु राजा महर्जन (५००), अरुण मोक्तांग (५००), मणि गोले (५००), मंगल सिंह तामांग, धुम्बाराही (५००), चन्द्र बहादुर तामांग, माझखण्ड (५००), पञ्चमाया (३००),दुर्गा लक्ष्मी राणा, लगनखेल (३००), नाती उपासक, पुल्चोक (१७५), भिम बहादुर थोपरी, थुन्चे (१५१), काजी रत्न शाक्य (१००), नारायण सुचिकार, तंगल (१००)

**कभर डिजाइन**: भिक्षु बिमलो

**कम्प्यूटर/ले-आउट**: सत्यसन्देश डेस्क (सन्जु महर्जन)

**प्रकाशन**: बु.सं. २५५२, वि.सं.२०६५

ने.सं. ११२९, 2008 AD.

**प्रथमावृत्ति**: १००० प्रति मात्र ।

**मूल्य**: रु. २५/-

यो किताबको रकमबाट अर्को किताब प्रकाशन गर्नको लागि सहयोग गर्नेछ।

**मुद्रण**: एशियन अफसेट ग्राफिक्स, रत्नकाली, काठमाडौं

Downloaded from http://dhamma.digital

# विषय-सूची

समर्पण ! ........................................ iv
समर्पण ! समर्पण !! समर्पण !!! .............................. v
संघनायकको शुभकामना.............................. vi
भिक्षु महासंघको शुभ कामना सन्देश .................. vii
शुभ-कामना (आनन्दकुटी विहार) .................... viii
शभकामना (अमरापुर बुद्ध विहार) .................. ix
शुभ-कामना (सिद्धिमंगल बुद्ध विहार) .................. x
मन्तव्य (सयादो भद्दन्त कुण्डल) .................... xi
धर्मराज लामाको संक्षिप्त परिचय .................... xv
अनुवादकीय ........................................ xix
आशिका-शुभकामना ................................ xxviii

## शासनिक अंशियार हुने कसरी ?

स्वऊमें सयादोसंगको भेट ..............................१
गण (समूह) शासन ........................................८
सही र गलत दुई बाटो ..................................११
शासनिक प्रतिशत ........................................१९
महापरिनिर्वाण सूत्र सन्दर्भ ............................२९
सही प्रगति, उन्नति ....................................४९
बोधिपक्खिय धर्म ........................................५१
चैत्य ....................................................६९
उत्तम पूजा ............................................७६
प्रोत्साहन ..............................................८२



Downloaded from http://dhamma.digital

# समर्पण !



बुवा: जीत गोविन्द महर्जन



आमा: गणेश माया महर्जन

जसले मलाई जन्म र कर्म दिई
पालन पोषण, शिक्षा दीक्षा दिई हुर्काइ
सदा सत्मार्गमा लाग्न
प्रेरणा, हौसला र अनुशासन गर्नुभयो,
उहाँ अनन्त गुणवान् पूज्य माता-पिता प्रति
सादर सश्रद्धा समर्पण !



Downloaded from http://dhamma.digital

# समर्पण ! समर्पण !! समर्पण !!!



महोपकारक सयादो ऊ पण्डिताभिवंश

जसले मलाई अनुकम्पा राखी उपाध्याय-गुरूत्व ग्रहण गरी परियत्ति, प्रतिपत्ति शासनिक मार्ग प्रदर्शन गर्नुभयो, उहाँ महोपकारक पुज्यपाद गुरूवर (ऊ. पण्डिताभिवंश) सयादो प्रति सश्रद्धा सादर समर्पण !



भिक्षु ज्ञानपूर्णिक महास्थविर
(धम्माचरिय)

मलाई प्रव्रज्या दीक्षा दिनुभई शासनिक सत्कर्म गर्न सदा प्रेरणा, हौसला एवं ओवाद अनुशासन गर्नु हुने अनन्त गुणवान् श्रद्धेय पुज्यपाद गुरूवर भिक्षु ज्ञानपूर्णिक महास्थविर प्रति सश्रद्धा सादर समर्पण !



अनागारिका चारूज्ञाणी गुरूमाँ

मलाई गृहस्थी जीवनमा परियत्ति, प्रतिपत्ति शिक्षा दिई प्रव्रज्या ग्रहणको लागि मार्ग प्रदर्शन गर्नु हुने, प्रेरणा र हौसला दिनु हुने अनन्त गुणवान् श्रद्धेय गुरूमाँ अनागारिका चारूज्ञाणी प्रति सश्रद्धा सादर समर्पण !



Downloaded from http://dhamma.digital

संघनायक भिक्षु बुद्धघोष महास्थबिर
MOST VEN. SANGHANAYAKA BHIKKHU BUDDHAGHOSA MAHASTABIR
Sri Sumangala Bihar, Lukhusi-6, Lalitpur, Nepal
Tel:009771-5531715

प.सं. ........
च.नं. ........

मिति २०६५/६/६

# शुभ-कामना

बर्माकै पुज्यपाद कम्मट्ठानाचार्य सयादो जी (ऊ. पण्डिताभिवंश) द्वारा बर्मिज भाषामा प्रकाशित पुस्तक उहाँकै शिष्य भिक्षु बिमलोबाट नेपाली भाषामा अनुवाद गरी प्रकाशन हुन गइरहेको खबर सुन्दा ज्यादै खुशी लागेको छ ।

स्वस्थ्यताको कारणले धेरै कुरा भन्दा पनि विशेषतः शासनिक अंशियार हुने कसरी ? नामक पुस्तकको सफलताको कामना व्यक्त गर्न चाहन्छु । ऊ. पण्डित जस्तो पुज्य सयादो जी ले देशना गर्नुभएको कुराहरू माथि मैले थप अभिव्यक्ति दिन आवश्यक म थान्दिन । अवश्यमेव शासन हितकै लागि देशित कुराहरू हुन् ।

नेपालीहरूले पनि बुझ्न सक्ने गरी भाषा अनुवाद गरी उहाँ जस्तो सयादोजी को धर्मदेशना प्रकाशनमा आएकोले केही हदसम्म भए पनि यस पुस्तकबाट पाठकहरूले धार्मिक सम्पत्ति आर्जन गर्नेछ भन्ने आशा एवं विश्वास लिन सकिन्छ ।

अन्तमा, पुनः आशिर्वादका साथ पुस्तकको सफलता र धार्मिक साहित्यिक यात्रा निरन्तरताको कामना पनि व्यक्त गर्न चाहन्छु ।

मिति: ०६५/६/६

**संघनायक भिक्षु बुद्धघोष महास्थविर**
सुमंगल विहार, लुँखुसी, यल



Downloaded from http://dhamma.digital

जि. प्र. का. स. द. नं. ३८३/०४७

फोन: ४८२९८४

"सुखा सङ्घस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ
**(ALL NEPAL BHIKKHU ASSOCIATION)**

**Vishwa Shanti Vihara, Kathmandu**

(स्थापित: सम्वत् २००७)

आयुष्मान् भिक्षु बिमल
सिद्धिमंगल विहार
सिद्धिपुर, ललितपुर ।

विषयः **शुभ कामना सन्देश।**

आयुष्मान्,

बौद्ध विद्वान् भिक्षु पण्डिताविभंसले बर्मिज भाषामा लखेको महत्वपूर्ण पुस्तक नेपालीमा अनुवाद गरी प्रकाशन गर्न लागिएको सु-समाचारले हामीलाई हर्षित तुल्याएको छ। शान्तिभूमी बुद्ध जन्मेको देश नेपालमा शान्ति शिक्षा र बुद्ध शिक्षाको प्रचार प्रसारको आवश्यकता महसुस भइरहेको समयमा आयुष्मान् भिक्षु बिमल जो बर्मा (हाल म्यानमार) मा आफ्नो अध्ययन गरी वर्तमानमा नेपालमा रहँदै आउनु भएको एक मेहेनती र विषय ज्ञान भएका भिक्षु हुन्। उसले परिवर्तन गरेको सो पुस्तकले बुद्धशिक्षासम्बन्धी महत्वपूर्ण भागको व्याख्यान गर्दछ। जसले बुद्धधर्म सम्बन्धी थप शिक्षा ज्ञान हासिल गर्न सबैलाई उपयोगी सिद्ध हुन्छ। त्यसकारण त्यस्ता सराहनीय काम गर्नुभएका आयुष्मान् भिक्षु बिमललाई हार्दिक साधुवाद ज्ञापन गर्दछौं। भविष्यमा पनि यस्तै महत्वपूर्ण कुशल कर्महरू गर्दै जाने शक्ति तथा धैर्य प्राप्त होस् भन्ने अ.ने.भि.महासंघको तर्फबाट शुभकामना व्यक्त गर्न चाहन्छौं।

भवतु सब्ब मंगलं ।

**भिक्षु धर्ममूर्ति महास्थविर**

सचिवः अ.ने.भि.महासंघ



Downloaded from http://dhamma.digital

आनन्दकुटी विहार
ANANDAKUTI VIHAR
(Estd.1943 A.D)

मिति: ०६५/७/७

# शुभ-कामना

बर्मिज भाषाका एक बौद्ध विद्वान् भिक्षु पण्डिताविभंस सयादोले लेखेको प्रसिद्ध एवं महत्वपूर्ण पुस्तक नेपालीमा अनुवाद गरी प्रकाशन गर्न लागिएको सु-समाचारले मलाई हर्षित तुल्याएको छ। बुद्ध जन्मेको देश नेपालमा शान्ति शिक्षा र बुद्ध शिक्षाको प्रचार प्रसार अत्यन्त आवश्यक रहेको छ। अतः आयुष्मान् भिक्षु बिमलो जो बर्मा (हाल म्यानमार) मा अध्ययन गरी वर्तमानमा नेपालमा रहँदै आउनुभएको एक मेहेनती र विषय ज्ञान भएका भिक्षु हुन्। उसले परिवर्तन गरेको सो पुस्तकले बुद्धशिक्षा सम्बन्धी महत्वपूर्ण अंशको व्याख्यान गर्दछ। जसले बुद्धधर्म सम्बन्धी थप शिक्षा ज्ञान हासिल गर्न मद्दत मिल्दछ। त्यसकारण यस्ता सराहनीय काम गर्नुभएका आयुष्मान् भिक्षु बिमलोलाई हार्दिक साधुवाद ज्ञापन गर्दै भविष्यमा पनि यस्तै महत्वपूर्ण कुशल कर्महरू गर्दै जाने शक्ति तथा धैर्य प्राप्त होस् भन्ने शुभ कामना व्यक्त गर्दछु।

भवतु सब्ब मंगलं।

**भिक्षु कुमार काश्यप महास्थविर**
प्रमुखः आनन्दकुटी विहार, स्वयम्भू।



Downloaded from http://dhamma.digital

Phone No. 5591268

"Namo Tassa Ghagavato Arahato Sammasambuddhass"

**Amarapur Buddha Vihar**

**अमरापुर बुद्ध विहार**

Bungamati -2 Lalitpur, Nepal

मिति: २०६५-६-५

# शुभ-कामना

शासनिक अंशियार हुने कसरी ? नामक पुस्तक बर्माका पुज्यपाद कम्मट्ठानाचार्य सयादोद्वारा उपदेशित बर्मी भाषाको उपदेशलाई नेपाली भाषामा अनुवाद गरी श्रद्धेय भिक्षु बिमलो भन्तेको पहिलो धार्मिक कीर्तिको रूपमा प्रकाशन हुने उक्त पुस्तकको सफलताको लागि अमरापुर बुद्ध विहार परिवार ( बुंगमती) को तर्फबाट हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्न चाहन्छौं।

बर्माकै पुज्यपाद कम्मट्ठानाचार्य सयादो जस्तो आदरणीय भन्तेज्यूबाट भिक्षु, श्रामणेर, अनागारिका र उपासकोपासिकाहरूलाई शासनिक अंशियार हुने गरी प्रयास गर्नको लागि प्रोत्साहन स्वरूप देशित उपदेश आजको नेपालको बौद्ध शासनमा पनि ठूलो योगदान यस पुस्तकले दिनेछ र पाठकहरूले पनि यो पुस्तक अध्ययन गरी आफूलाई पनि शासनिक अंशियार बनाउनको लागि प्रोत्साहन लिनेछ भन्ने आशा लिन सकिन्छ।

अन्तमा, श्रद्धेय भिक्षु बिमलो भन्तेको धार्मिक साहित्यिक यात्रा निरन्तर अघि बढ्न सकोस्, साथै यस्तै सान्दर्भिक कीर्तिहरू भविष्यमा पनि प्रकाशन गर्दै शासनिक हितका कामहरूमा भन्तेका कलमहरू कहिल्यै नथाकोस् भन्ने शुभ-कामना पनि व्यक्त गर्दै पुनः पुस्तकको सफलताको कामना गर्न चाहन्छौं। साधु !

**– अनगारिका चारूज्ञाणी प्रमुख**

अमरापुर बुद्ध विहार (बुंगमती), परिवार



Downloaded from http://dhamma.digital

**श्री सिद्धि मंगल बुद्ध विहार** ☎ ५५८१४१५

ल. पु. जि. सिद्धिपुर, (ठसि) खुसिलँ ।

पत्र संख्या :-

मिति: २०६५।६।१२

# शुभ-कामना

यस ललितपुर जिल्ला सिद्धिपुर गा.वि.स. कार्यालय अन्तर्गत श्री सिद्धि मंगल बुद्ध विहारमा यही २०६५ सालमा वर्षावास बस्नु भएका श्रद्धेय भिक्षु बिमलोबाट बर्माका सयादो भिक्षुबाट प्रकाशित गर्नुभएको किताबलाई नेपाली भाषाबाट अनुवाद गरेकोमा यस सिद्धि मंगल बुद्ध विहारका सबै उपासक उपासिकाहरुबाट कृतज्ञताका साथ मंगल कामना व्यक्त गर्दछु ।

अध्यक्ष

बुद्धि बहादुर महर्जन

सिद्धि मंगल बुद्ध विहार

परिवार

• • • • • • • • • • • • • • x • • • • • • • • • • • • • •

Downloaded from http://dhamma.digital

# मन्तव्य

ई.पू. ६२३ वैशाख पूर्णिमाको दिनमा शुद्धोदन महाराज र महामायादेवीका सुपुत्र शाक्यवंश राजकुमार सिद्धार्थ गौतम सक्क क्षेत्र लुम्बिनी उद्यानमा जन्मनु भयो । सिद्धार्थ राजकुमार मानव भएका आमाबुबाबाट एक मानव भएर नै जन्मी मानव भएर नै हुर्कनु भयो ।

उहाँ आकाशबाट कुनै एकजना ऋद्धिवान्ले सृष्टि गरेर पठाएको दूत होइन । ऋद्धिवान् देवता पनि होइनन् । साँच्चै मानिस नै हुनुहुन्छ । तर सम्पूर्ण मानवहरूमध्ये विशेष उत्तम महामानव हुनुहुन्छ ।

विशेष, उत्तम आचरण र ज्ञान "विद्या चरण"को कारणले गर्दा मनुष्य, देव, ब्रह्मा सत्वहरूमध्ये महान् पुरूष हुनुभएको हो ।

विशेष, उत्तम महामानव सिद्धार्थले मनुष्य, देव, ब्रह्मा सत्वप्राणीहरूले थाहा नपाएको ज्ञान बुद्धि विशेषलाई कष्ट गरी खोजेर महासम्वत् १०३ वैशाख पूर्णिमाको दिनमा थाहा पाउनुपर्ने कुनै बाकी नराखी सबै थाहा पाउने सर्वज्ञता ज्ञान विशेषलाई प्राप्त गर्नुभएको थियो ।

"जातं सरणतो भयं" शरणबाट भय उत्पन्न हुनसक्छ



Downloaded from http://dhamma.digital

भन्ने कुरालाई विशेष ज्ञान अधिकारी हुनुभएका गौतम बुद्धले आज्ञा हुनुभएको छ ।

धेरै सत्वप्राणीहरू आफ्नो धनसम्पत्ति धेरै भएर सुख, सम्बृद्ध भएर रहन चाहन्छन् । आ-आफ्नो शरीर र मनलाई पनि सँधै स्वस्थ्य र सुख होस् भन्ने चाहन्छन् । भय अन्तराय बिघ्न बाधाहरू रहित भएको होस् भन्ने चाहन्छन् ।

यी इत्यादि कारणहरूले गर्दा सत्वहरू शरणमा जाने गर्छन् अथवा आधार भरोसा खोज्दछन् ।

यसरी शरण लिनलाई खोजेता पनि सही शरण भेट्न नसकेर विवश भई धेरै समय बिताउँछन् । कुनै व्यक्तिले सत्य, असत्य नछुट्याइ आमा-बुबाहरूले विश्वास गरेर आएको परम्परागत शरण जाने व्यक्तिहरू यस लोकमा धेरै छन् ।

सही मार्गमा नपुगेका व्यक्तिहरूले कुनै हालतमा वास्तविक सुख शान्ति प्राप्त गर्न सक्दैनन् । वास्तविक सुख शान्ति प्राप्त गर्न नसकेका व्यक्तिहरू इच्छा पूरा नहुनु, त्रास उत्पन्न हुनु, मन दाह हुनु, मन मलिन दुषित हुनु इत्यादिले ग्रसित भएर रहनु पर्ने हुन्छ ।

फल खाने इच्छा भएका व्यक्तिले फल पाउन सक्ने



Downloaded from http://dhamma.digital

विधि नअपनाइ रूखमुनि बसेर रूखलाई प्रणाम गरी प्रार्थना गरेरमात्र बस्यो भने फल कदापि खान पाउँदैन । फल पाउन के गर्नुपर्ला भनी विचार गरेर काम गर्नुपर्छ ।

यता वारीबाट नदी पार गरेर उता पारीतिर जानुपर्ने व्यक्तिले उता पारी पुऱ्याउने विधि विचार गरी नाउ, डुङ्गा खोजी तरेर जानुपर्छ । उता पारी नै मतिर आओस् भनी प्रार्थना गरेर मात्र उता पारी नपुगेझैं उता पारी पनि आफूतिर पुग्न आउने होइन ।

रोग वेदना भोगिरहेका व्यक्तिले डाक्टर वैद्यलाई पूजा गरेर मात्र त्यसको रोग वेदना निको हुँदैन । दक्षता भएको डाक्टर अथवा वैद्यले दिएको औषधिलाई निर्देशन दिए बमोजिम औषधि खानुपर्छ, अनि मात्र रोग वेदना निको हुन्छ ।

फल खाने इच्छा भएर पनि फल पाउने विधि नअपनाइ रूखलाई प्रणाम गरी बसेझैं, उता पारी पुग्न चाहे पनि खोला नतरी नदीलाई प्रणाम गरिरहेझैं, रोग वेदना निको पार्न चाहे पनि निर्देशन अनुरूप औषधि नखाइ डाक्टर वैद्यलाई मात्र प्रणाम गरेर बसेझैं संसार वर्त दुःखबाट मुक्त हुने चाहना भएर पनि अनुशरण, आचरण गर्नुपर्ने धर्मलाई, अनुशरण, आचरण नगरी प्रार्थना मात्र गरेर बसेकोले नै धेरै सत्वहरू भवसंसाररूपी समुद्रमा उटार चढाव भई दुःखबाट मुक्त हुन



Downloaded from http://dhamma.digital

नसकी दुःख भोगिरहेका हुन्छन् ।

यसै कुरालाई मध्य नजर राखी बर्माका पूज्यपाद कम्मट्ठानाचार्य सयादो ऊ. पण्डिताभिवंश महास्थविरले देशना गर्नुभएको धर्मदेशनालाई नेपाली भाषामा पनि उल्था गरी प्रकाशन हुने यो पुस्तकले अवश्यमेव पाठक वर्गहरूलाई केही न केही थप धार्मिक उर्जा मिल्ने छ र पुस्तकले प्रोत्साहन गरे जस्तै आफूलाई पनि शासनिक अंशियार बनाउने बाटोमा पाइला अघि सार्नको लागि हौसला र प्रेरणा मिल्ने छ भन्ने आशा लिन सकिन्छ । साथै आवुसो विमलोको यो प्रयास सफल होस् र सधैं निरन्तरता प्रदान गर्न सकून् भन्ने आशिका पनि छुट्टाउन चाहन्न ।

अन्तमा, त्यसैले पाठकवर्गले भव संसाररूपी सम्पूर्ण दुःखबाट मुक्त भएर आफूले प्राप्त गर्ने इच्छा गरेको सुखलाई प्राप्त गर्न बुद्ध शासनको सार शील, समाधि, प्रज्ञा त्रिविध शिक्षा आचरणलाई व्यवहारिकरूपमा आचरण गरी शासनिक अंशियार हुने गरी प्रयास गर्न सकून् ।

**सयादो भद्दन्त कुण्डल (कम्मट्ठानाचारिय)**
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र
बुद्धनगर, शंखमूल



Downloaded from http://dhamma.digital

# धर्मराज लामाको संक्षिप्त परिचय

धर्मराज लामाको जन्म ल.पु.व.नं. १२ को चक्रवर्ण महाविहारभित्र वि.सं. २००० वैशाख १२ गतेमा भएको हो । उनका बाजे काग्युर्पा लामाका नर्बु लामा र चिनिमाया लामाका दुई छोरामध्ये जेठो नर्बु लामाकी धर्मपत्नी कमला लामाको गर्भबाट धर्मराज लामा जेठो छोरो हुनुहुन्छ । काग्युर्पा लामाले धर्मराज लामालाई निकै माया गरेर आफूले जाने बुझेसम्मको शिक्षा दीक्षा दिई जजमानहरूकहाँ कर्मकाण्ड गर्न जाँदा पनि साथै लगी अभ्यास गराउनुहुन्थ्यो ।

काग्युर्पा लामा स्वर्गे भएपछि ७ वर्षको उमेरमा विद्यालयमा भर्ना भई ४ कक्षासम्म अध्ययन गर्नुभयो । तमाखु पसले याकः गुभाज्यूले निकै माया गरी ट्यूसनमा जोड, घटाउ, गुणन र भागसम्म सिकाउनुभयो । ९ वर्षको उमेरमा लामा अक्षर पनि पढे । १० वर्ष पुग्दा आमा पनि स्वर्गे हुनुभयो र ११ वर्षकै उमेरदेखि मन नलागिकन नै लामापाथी उठाउन जानुपऱ्यो । ११ वर्षको उमेरमा एउटा तिब्बतियन लामा नेपालमा आउँदा बुबा नर्बु लामाले छोरालाई पढाउन भनी उनका सथ लगाइ दिए । त्रिशुलीको बाटो हुँदै



Downloaded from http://dhamma.digital

ठाउँ गाउँमा पस्दै भिक्षाटन गर्दै पाठ पूजा गर्दै प्राप्त भएको दानबाट बाटो खर्च गर्दै अवतारी लामा पेन्छेन् रिम्पोछे बस्नुभएको टासिल्हुम्पो नामको गेलक्पा गुम्बामा पुगे । त्यहाँ बस्न नमिलेको हुनाले पहिले जस्तै भिक्षाटन गर्दै फर्केर त्रिशुली पुगी त्यहाँबाट मुक्तिनाथ तर्फ लागे । परन्तु वर्षाद् लागेको हुनाले मनाङ्गबाटै फर्की पाटन आउनु पर्‍यो ।

गुरू चारधाम घुम्न जाने भएकोले पाटनमा ठाउँ ठाउँमा भिक्षाटन गर्दै खर्च जम्मा गरी गुरूसंगै चारधाम यात्राको निम्ति प्रस्थान गरी चारधामका अतिरिक्त भारतको प्राय: तीर्थस्थान र प्रमुख शहरहरू घुम्दै पठानकोटको धर्मशाला दर्शन गरी तिब्बेतन रिपोली क्याम्पमा बस्न गए । परन्तु बुद्धधर्म पढ्न भनी गएको धर्मराज कुल्लुमनाली भन्ने ठाउँमा पुग्दा गुरूसमेत सबैले भिक्षुको भेष बदली कुल्लीको काम गर्नुपर्‍यो । तैपनि धर्मराज सबभन्दा कान्छो भएको हुनाले उनलाई ठेकेदारले काम दिन चाहेन । केही दिन बिना ज्याला काम गरेपछि उनको साहसिलो काम गराई देखेर काममा राखे । गतिलो कामको खोजि गर्दै काम बदल्दै केही पैसा कमाई पछि व्यापारतिर अघि बढे । सोही क्रममा एकजना खाम्पा साहुसंग सम्पर्कमा आएपछि रेफेजी क्याम्पको मेनेजरले उनलाई दोभासेमा नियुक्त गरे ।



Downloaded from http://dhamma.digital

पढ्न भनी आएको धर्मराजलाई कुल्ली, व्यापारी, दोभासे भएर कमाउने काम मन नपरेपछि मेनेजरलाई अनुरोध गरी धर्मशालाबाट तिब्बेतन कर्मचारीहरूले नाम लेखेर लगे । ६ महिना पछि तिनीहरूले हाईस्कुलमा राख्नुको् सट्टा देहरादून ब्रेकोटा भन्ने रिंगरूट तालिममा राखिदियो । धर्मको शिक्षा लिन भनी आएको व्यक्ति आर्मीको तालिममा बस्न करै लाग्यो । त्यहाँ उनले सिंगनल अपरेटर, मेकानिक, मेडिकल, सर्जिकल, डेन्टल, पेराजाम र अन्य विभिन्न तालिम लिई बिरामीहरूको सेवा, डाक्टरको सेवा गर्दै तिब्वतको सीमाना हिमालतिर ४ वर्ष यात्रा गरी २ साताको बिदामा घर फर्के ।

घर पुगेपछि बुबाको आग्रहमा घरको धन्दामा लागे । ३ वर्षपछि बिहे भयो । बिहेपछि अनेकौं परिश्रम गर्न करै लाग्यो । चित्रको काम, थाङ्काको काम, मूर्तिमा रङ्ग लगाउने काम गरे । ४२ वर्षको उमेर पुग्दा दुई छोरा र एक छोरी भए । जति धन बढ्दै गयो, साथै चिन्ता पनि बढ्दै गयो । मौका पारेर ४२ सालमा पुनः बौद्ध चारधाम घुम्न गए । त्यतिबेला निकै संवेग उत्पन्न भयो । ४ महिनापछि खड्गसिं लामासंग भेटेपछि बुद्धधर्मका दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय अध्ययन गर्दै लगे । संघरक्षिता गुरूमां र मागन्धी गुरूमांसंग परिचित भयो । मागन्धी गुरूमां ध्यानी भएको र आफू पनि



Downloaded from http://dhamma.digital

बाल्यकालदेखिनै ध्यान गर्न अभिरूचि भएको हुनाले गुरूमासंग ध्यान सिखी ध्यानतिर लम्के । आफूले पाएको ज्ञान सन्तानहरूले पनि पाउने भनी दुबै छोराहरूलाई आनन्दकुटी विहारमा लगी प्रव्रज्या संस्कार दिलाई छोरीलाई पनि मागन्धी गुरूमांकहाँ १० दिन ऋषिनी बनाई राखे ।

दुबै छोरालाई मैत्री भन्तेले श्रीलंका पठाउन पासपोर्ट समेत बनाइसके पनि त्यसबेला श्रीलंकामा उग्रवादीहरूको कारणले गर्दा सफल हुन सकेन । छोराहरूलाई बुद्धधर्म अध्ययन गराउन नपाए पनि आफू विपस्सनामा लागी जीवन सुधार गर्नतिर अग्रसर भएका धर्मराज लामा बौद्ध ग्रन्थ प्रकाश गर्न इच्छुक छन् । भिक्षुहरूको सेवा गर्न तत्पर छन् । उनले धर्मचक्र सूत्र, चतुरार्यसत्य, खग्गविसाण सूत्र अर्थात् प्रत्येक बुद्धहरूको जीवनकथा पूज्य बुद्धघोष महास्थविरकहाँ अध्ययन गरी प्रकाशमा ल्याएको हो । फेरि अर्को बोधिपक्खिय धम्मको अध्ययन गर्दै थिए । यही २०६५ साल भाद्र महिनामा बर्मामा अध्ययन गर्न जानुभएका भिक्षु बिमलोज्यूले एक पुस्तक (शासनिक अंशियार हुने कसरी ?) प्रकाशन गर्ने मौका दिनुभएको हुँदा यी पुस्तक हामी साथीहरू मिली प्रकाश गर्न पाएकोमा हामी साथीहरूको तर्फबाट पुज्य बुद्धघोष महास्थविर संघनायकज्यू र भन्ते बिमलोज्यू, अरू सबै भन्तेज्यूहरूलाई साधुवाद छ ।



Downloaded from http://dhamma.digital

# अनुवादकीय

शासनिक अंशियार हुने कसरी ? नामक यस पुस्तक महोपकारक सयादो ऊ. पण्डिताभिवंशद्वारा धर्मदेशनालाई २००७ मा बर्मिज भाषामा "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भन्ने नामबाट प्रकाशित कीर्ति हो । शिर्षकलाई सहित परिवर्तन गरी "शासनिक अंशियार हुने कसरी ?" नामकरण गरी नेपाली भाषामा उल्था गरी प्रस्तुत गर्नुको आसय सम्पूर्ण नेपाली मात्राले पनि अध्ययन गर्न सकून्, पढ्न पाऊन्, साथै सयादोजीले प्रोत्साहन गरे अनुरूप भिक्षु, श्रामणेर, अनागारिका, उपासक-उपासिकाहरूले पनि शासनिक अंशियार हुने बाटोहरूमा आफ्ना पाइला अघि सारी मनुष्य जस्तो दुर्लभ, उच्च स्तरको जुनीलाई सारयुक्त, अर्थ युक्त बनाउने कार्यमा यस पुस्तकले केही हदसम्म भए पनि थप उर्जा मिलोस्, मिल्ने छ भन्ने आशा किन नलिऊँ !

## पुस्तकको नामकरण

महोपकारक सयादो ऊ. पण्डिताभिवंशद्वारा उपदेशित धर्मदेशनालाई बर्मिज भाषामा "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" नाम राखी प्रकाशन भएको पुस्तकले सारा बौद्धमात्र नभई सत्व प्राणीमात्रालाई शासनिक अंशियार हुने गरी प्रयास गर्नको लागि जोड दिइएको, प्रोत्साहन प्रदान गरेको साथै अंशियार बन्ने बाटाहरू पनि देखाइराखेका छन् । त्यसैले शासनिक अंशियार हुने गरी प्रयास गर्नको लागि अनुरोध मात्रै नभई यस पुस्तकले निर्देशन पनि गरिएको छ । यस पुस्तकका वाक्यहरूले छर्लङ्ग हुन्छ ।



Downloaded from http://dhamma.digital

सही शासनिक अंशियार बन्न के, कसो र किन भन्ने विषयलाई सयादोजीबाट भगवान् बुद्धकै उपदेशहरूमा आधारित भई एक व्यक्ति शासनिक अंशियार कसरी बन्न सकिन्छ भन्ने महत्वपूर्ण विषयमा सयादोजीले स्पष्टसंग देशना गर्नुभएको देखिन्छ । अंशियार बन्नको लागि भिक्षु, श्रामणेर, अनागारिका, उपासक उपासिकाहरूले के गर्नुपर्छ, कहाँ जानुपर्छ, कतिसम्मको धार्मिक सम्पत्ति आर्जन गर्नुपर्छ भन्ने विषयहरूमा पनि प्रष्ट ढोकाहरू खोलिदिनुभएको छ । लाग्छ, एउटा शासनसंग अन्जान व्यक्तिले पनि यो पुस्तक किन नपढोस् शायद त्यस व्यक्तिले पनि शासनिक अंशियार बन्नको लागि त यो यो त्याग्नु र यो यो भावना अभ्यास गर्नुपर्छ भन्ने विषयलाई प्रष्टसंग जान्न सकिएलान् भन्ने आशा लिन सकिन्छ । त्यसैले नै यस पुस्तकको नाम बर्मिज भाषाकै नामकरण "शासनिक अंशियार हुने गरी प्रयास गर्नु"लाई परिवर्तन गरी "शासनिक अंशियार हुने कसरी ?" प्रश्न वाचक नाम राखी प्रकाशनमा ल्याइएको हो । नामकरण जे सुकै होस्, लाख परिवर्तन होस् तर यस पुस्तकभित्रका विषयहरूले जहिले पनि एउटै कुरा सिकाउँदछ, शासनिक अंशियार हुने गरी प्रयास गर्न र कसरी गर्ने विषयलाई छर्लङ्ग बनाउँदछ, सिकाउँदछ, प्रोत्साहन गर्दछ । मलाई यस्तै लाग्छ ।

शासनिक अंशियार हुनको लागि हामीले अटल श्रद्धा राखी भगवान् बुद्धले स्वयं आफैले जानी बुझी अनुभव गरी लिइसकेपछि यी धर्महरू सत्वप्राणीमात्राको हित सुखको लागि भनी उपदेश, निर्देशन, अनुशासन गर्नुभएको शील, समाधि,



Downloaded from http://dhamma.digital

प्रज्ञाको सही रूपमा भावना अभ्यास गरी त्यसको फल प्राप्त हुनेसम्मको अवस्था पुग्न सक्ने भयौं भने हामी शासनिक अंशियार भएका हुन्छौं । त्यसको लागि कम्तिमा स्रोतापन्न फल सम्मको अभ्यास हामीबाट सम्पन्न भयो भने शासनिक अंशियार भन्न सुहाउँछ । नत्र सुहाउँदैन, मिल्दैन पनि । त्यसैले सम्पूर्ण क्लेशहरूबाट मुक्त पारी दिने, सम्पूर्ण दुःखबाट छुट्कारा दिलाउन सक्ने एउटै बाटो सतिपट्ठान विपस्सना भावनाको अभ्यास गर्नु नितान्त आवश्यक हुन्छ । अनि मात्रै शासनिक अंशियार हुनको लागि आवश्यक स्रोतापन्न फल प्राप्ती गरी जीवन सुनिश्चित पार्न सकिन्छ । नत्र भने सकिदैन भन्ने भाव हो ।

भगवान् बुद्धले ४५ वर्षसम्म देशना गर्नुभएको धर्मलाई संक्षिप्त रूपमा बोधिपक्खिय धर्म (३७) को रूपमा लिन सकिन्छ । चार स्मृतिप्रस्थान, चार सम्यक् प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यंग, आठ मार्गाङ्ग । यी बोधिपक्खिय धर्म (३७) मध्येमा पनि ४ सतिपट्ठान (स्मृतिप्रस्थान) भावना अभ्यास धर्म अति नै महत्वपूर्ण र सारयुक्त अनि उत्कृष्ट रहेको छ । जसले चार स्मृति प्रस्थान भावना अभ्यास धर्मलाई जीवनमा धारण गर्दछ । त्यसैले भगवान् बुद्धको धर्मलाई धारण गरेको हुन्छ । जसले बुद्धधर्मलाई धारण गर्दछ, उसले बुद्ध शासनको अंश प्राप्त गरी दिन्छ । त्यसैलाई शासनिक अंशियार भनिन्छ । जो शासनिक अंशियार हुन्छ । उसले आफ्नो जीवनलाई सुनिश्चित गरेको हुन्छ ।

शासनिय अंशियार हुनको लागि जो कोहीले ग्रन्थमात्रै



Downloaded from http://dhamma.digital

अध्ययन गरेर पुग्दैन । जानेर बुझेर मात्र पनि पुग्दैन, सही रूपमा जाने बुझेजस्तो आफ्नो जीवनमा धारण गरी त्यसलाई व्यवहारमा उतार्नु सक्नुपर्छ अनि मात्रै सही अंशियार भन्न सकिन्छ । जो सही अंशियार हुन्छ, त्यसले शासनलाई पनि संरक्षण गरेको ठहरिन्छ । जसले स्मृति प्रस्थान भावना अभ्यास गर्दछ, उसको शासन रहन्छ, जसले गर्दैन उसमा शासन रहदैन । यदि मैले अभ्यास गरे ममा शासन रहन्छ, अरूले गर्ने हो भने अरूले पनि शासन प्रांप्त गरी लिन सकिन्छ । चाहे भिक्षु होस्, श्रामणेर अनागारिका, उपासक उपासिका जो कोही होस्, आफूले गरे आफैले पाउने हो भिक्षुले अभ्यास गरे भिक्षु, श्रामणेरले अभ्यास गरे श्रामणेर, अनागरिका वा उपासक उपासिकाहरले अभ्यास गरे उपासक उपासिकाहरूले नै शासनको अंश प्राप्त गरी लिन सकिन्छ । अभ्यास गरनौ भने पाउन सकिदैन भन्ने भाव हो ।

"**मनुष्य भावो दुर्लभो**" मनुष्य भएर जन्मिनु दुर्लभ छ । त्यो दुर्लभ स्वामित्व हामीले पाई सक्यौ । अब त्यस स्वामित्वलाई साकार तुल्याउने जिम्मा कसको ? बुद्ध भगवान्‌ले मनुष्य, देव र ब्रह्मासहित सत्व प्राणीमात्राको हित सुख दिने उपदेश, निर्देशन गरी जानुभएको छ, पथ प्रदर्शन गरी जानुभएको छ । सही गलत, कुशल अकुशल प्रज्ञप्ति र परमार्थ धर्म देखाएर जानुभएको छ । उहाँ सम्यक् सम्बुद्धले आफ्नो जिम्मा पूर्ण गरी जानुभएको छ । अब बाकी काम पूर्ण गर्ने जिम्मा हाम्रो हो । प्रयास किन नगर्ने ? पालो हाम्रो छ । यहाँनिर बहादुरी देखाऔं ।



Downloaded from http://dhamma.digital

## दुई बाटाहरु

उहाँ भगवान् बुद्धले हामीलाई दुई बाटाहरू देखाएर जानुभएको छ। सही र गलत, कुशल बाटो र अकुशल बाटो, पाप र धर्मको बाटो। साधारणता हामीले कुन सही कुन गलत भन्ने नै छुट्याउन सकिराखेका हुँदैनौं। सहीलाई गलत थानिरहेका हुन्छौं, गलतलाई सही, कुशललाई अकुशल अनि अकुशललाई कुशल, पापलाई धर्म र धर्मलाई पाप। यी छुट्याउन नसक्नुको कारण सही प्रज्ञा हामीमा नहुनु, कमीको कारणले हो तरै पनि मनुष्यहरू आफूलाई प्रज्ञावान् भन्नु चुकाउदैन। त्यो किन ? मिथ्यादृष्टिको कारण। मिथ्यादृष्टिको कारण मानिसहरू यति तल झर्ने गर्छन् कि अब ऊ कहिले उभो लाग्न सकिने अवस्था छैन। बस यस्तै मिथ्यादृष्टिमा अलमलिएका प्राणीमात्राको हित गर्नको लागि नै बुद्धहरू यस लोकमा उत्पन्न भएका हुन्। त्यसैले त भन्ने गरिन्छ, "बुद्धो लोके समुप्पन्नो हिताय सब्ब पाणिनं" बाटो बिराएकाहरूलाई सही बाटो देखाउन अँध्यारोमा परेकाहरूलाई उज्यालो दिन, भव संसारबाट मुक्त गर्न भगवान् बुद्धकै ज्ञान अभिबृद्धि गर्नु छ अनि मात्रै जीवन निश्चित्-सुनिश्चित् हुन्छ।

यस पुस्तकमा पनि भगवान् बुद्धको निर्देशन अनुरूप सत्व प्राणीहरूले आफ्नो जीवन सुनिश्चित गर्नको लागि आफ्ना तीन द्वार काय (शरीर), मनो (मन-चित्त), वची (वचन) शुद्ध गरी लोभ दोष मोहरूपी अकुशल क्लेशहरूलाई छेदन गरी सदा शील, समाधि र प्रज्ञाको अभ्यासमा निरन्तर



Downloaded from http://dhamma.digital

लागी भगवान् बुद्धले देशना गर्नुभएको बुद्ध शासनको अंशियार बनी कम्तिमा स्रोतापन्न मार्गफल प्राप्त हुने गरी अभ्यास उद्योग गर्नु भनी आज्ञा गर्नुभएको छ। उहाँ भगवान् बुद्धको आज्ञा अनुरूप जीवन सुनिश्चित गर्नु हर व्यक्तिहरूको आजको आवश्यकता नै भइसकेको छ। चाहे भिक्षु होस्, श्रामणेर, अनागारिका वा उपासक उपासिका होस्, जो कोहीले पनि निर्देशन अनुरूप भावना अभ्यास गरे बुद्ध शासनको अंश प्राप्त गरी लिने हामी हुनेछौं, जसलाई शासनिक अंशियार भनिन्छ।

यहाँनिर दुई बाटाहरू छुटिन्छ। भावना अध्यासको बाटो र भावना अभ्यास विहीन बाटो। भावना अभ्यासको बाटो अंशियार बन्ने बाटो र भावना अभ्यास विहीन बाटो अंशियारबाट बन्चित बाटो हो। कुन बाटो हिड्ने ? त्यो आ-आफ्नो हातमा छ।

## पुस्तकले के भन्छ ?

संक्षिप्त रूपमा भन्ने हो भने पुस्तकले हामीलाई शासनिक अंशियार हुने गरी प्रयास अभ्यास गर भन्नुमात्र होइन, शासनिक अंशियार बन्ने कसरी हो, त्यो विधि पनि निर्देशन गरेको छ उहाँ बुद्धकै सिद्धान्तमा आधारित रही। त्यसैले यस किताबले कुनै पनि व्यक्तिलाई सही बौद्ध हुन सिकाउँदछ जस्तो मलाई लाग्दछ। कारण जति पनि बौद्ध बन्नको लागि चाहिने आवश्यक आध्यात्मिक सम्पत्तिहरू त्यही सम्पत्ति प्राप्तिको बाटो औल्याएको जस्तो लाग्छ, गर्ने नगर्ने जिम्मा त आ-आफ्नै हातको कुरो हो। त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–



Downloaded from http://dhamma.digital

"महृयं पटिपत्ति कथनमेव भारो" प्रिय पुत्रहरू ! म तथागतको कर्तव्य, दायित्व जिम्मेवारी भनेको सही रूपमा भावना अभ्यासलाई स्पष्टसंग, छर्लङ्गसंग, प्रष्टसंग देशना गर्नु हो ।

"पटिपत्ति पूरणं पन कुलपुत्तानं भारो"

भावना अभ्यास (प्रतिपत्ति) लाई पूर्ण गर्ने काम देखाए, बताए बमोजिम अभ्यासरत हुनुपर्ने काम त स्वयं कुलपुत्रहरूको दायित्व, कर्तव्य र जिम्मेवारी हो ।

यो भगवान् बुद्धको कथनबाट पनि यो थाहा पाउन सकिन्छ कि हामीले आफ्नो जीवनलाई सुनिश्चित बनाउने हो भने जसरी भगवान् बुद्धले सत्वप्राणीमात्राको हित सुख र मुक्तिको लागि देशना गर्नुभएको अमृतमय धर्मलाई जीवनमा धारण गरी सही रूपमा अभ्यास आचरण गर्नु भन्ने कुरा निर्देशित पाइन्छ । त्यसरी नै भावना अभ्यास गऱ्यौं भने निर्वाण रूपी सुख प्राप्त गर्न सक्ने हुन्छौ । यसरी सही रूपमा अभ्यास गर्नु भनेको शील, समाधि, प्रज्ञाको शासनिक अंशियार हुनु हो । शील, समाधि, प्रज्ञाको शासनिक अंशियार हुनु भनेको बुद्ध शासनिक अंशियार हुनु हो । यसरी शासनिक अंशियार हुनु भनेको बुद्ध शासनिक अंशियार हुनु हो । यसरी शासनिक अंशियार हुनु भनेको हृदय-मनभित्र शील, समाधि, प्रज्ञा शासन स्थापित हुनु हो । शील, समाधि, प्रज्ञा स्थापित हुनु भनेको हृदयभित्र धर्म चैत्य स्थापित भएको हो । जुन धर्म चैत्य



Downloaded from http://dhamma.digital

हृदयभित्र स्थापित भयो भने निर्वाण भनिने परम सुख स्थापित भएको ठहरिन्छ । त्यस धर्म चैत्य स्थापित गर्नको लागि न बालुवा चाहिन्छ, न माटो न पानी चाहिन्छ । शील समाधि प्रज्ञा भयो भने कुनै खर्च बिना त्यस चैत्यको स्थापना गर्न सकिन्छ । हामीले पनि हजारौ भौतिक चैत्यभन्दा धर्म चैत्य एउटै बताउँदा त्यो स्वामित्व प्राप्त गरी लिन सकिन्छ, जुन भगवान् बुद्धको सत्व प्राणीहरूले पाऊन् भन्ने इच्छा थियो । भगवान् बुद्धले चार असंख्य एक लाख कल्पसम्म पारमिता पूरा गरी जुन अमृतमय ज्ञान प्राप्त गरी लिनुभयो, त्यो सारा मनुष्य, देव र ब्रह्माहरूको सुख शान्तिको लागि नै हो । त्यो सत्वप्राणी भन्ने बित्तिकै हामी आफू स्वयं पनि पर्छौं । यदि सत्वप्राणीमा हामी आफू पनि पर्छौं भने भगवान् बुद्धले चार असंख्य एक लाख कल्पसम्मको त्याग तपश्या कसको लागि भयो । हामी आ-आफ्नो लागि हो । स्पष्ट रूपमा भन्ने  हो भने हामीं सबैले भन्नुपर्ने हुन्छ कि त्यही भगवान्का तपश्या मेरै लागि रहेछ । यसरी जानी बुझी लिनसके त भगवान् बुद्धका त्याग तपश्या खेर जादैन पो । यसरी ४ असंख्य १ लाख कल्पसम्मका पारमिता, उपपारमिता र परमत्थपारमिताको अभ्यासले प्राप्त ज्ञानको आदर्शलाई लिई हामीले धारण गरी अभ्यासरत भर्यौं भने भगवान् बुद्धको त्याग तपश्या पनि खेर जादैन र हाम्रो दुर्लभ जीवन पनि सार अर्थमय हुनेथ्यो । यस विषयमा हामी सर्वश्रेष्ठ प्राणी कहलिएका मनुष्यहरूले किन नसोचौं । यस पुस्तकले पनि हामीलाई यही होश दिलाउदछ । त्यसैले अन्तमा



Downloaded from http://dhamma.digital

पहिले पहिलेका सयादोहरूको परम्पराजस्तै हुंदै निरन्तर रूपमा अनुशासन हुंदै आएको अनुशासन, "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भन्ने कुरा आज पनि सारालाई प्रोत्साहन किन नगरौं। जसले गुरू चेलाको परम्पार पनि सही ढंगले निभिने हुन्छ। बर्माका सयादो ऊ. पण्डिताभिवंश भन्तेले पनि त्यही बाटा अनुशरण गर्दै लोकहित गर्दै आउनुभएकोछ। म पनि अनुशरण गर्दैछु, त्यसैले त शासनिक अंशियार हुने गरी प्रयास गर्नु भनी प्रोत्साहन गर्दछु। सार्थक हुनेछ, आशा एवं विश्वास।

अन्तमा, यस पुस्तकका प्रकाशनमा साधुवादका पात्रहरू थुप्रै छन्। विशेषतः पुस्तक प्रकाशनको सम्पूर्ण आर्थिक भार वहन गर्ने उपासक धर्मराज लामा प्रमुख सबैलाई धेरै साधुवाद छ। पुस्तकभित्रका पालि शब्दहरूलाई शुद्धिकरण गर्नुहुने श्रद्धेय पुज्यपाद गुरूवर ज्ञानपूर्णिक महास्थविरप्रति पनि हार्दिक कृतज्ञता तथा साधुवाद छ। समयमै पुस्तक प्रकाशित गरिदिने एशियन अफसेट ग्राफिक्स तथा पुस्तकलाई प्रारम्भदेखि अन्तसम्म विशेष सहयोग गरिदिने श्रद्धेय भिक्षु संघरक्षित स्थविर "परियत्ति सद्धम्म कोविद" प्रति पनि धेरै धेरै साधुवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

साथै प्रत्यक्ष अप्रत्यक्ष पुस्तक प्रकाशनमा सहयोग गर्ने सबैलाई साधुवाद, धन्यवाद।

**- अनु. भिक्षु बिमलो**



Downloaded from http://dhamma.digital

# आशिका-शुभकामना

- प्रस्तुत पुस्तकको विषयवस्तु एवं अनुवादकको विषय छनौट धेरै राम्रो छ, यो कुरा तलदेखि माथिसम्म अद्योपान्त हेर्ने जोसुकैले सहजै महसुस गर्न सकिन्छ।

- आजको यो समय ! दुर्लभ जीवन र यसको उपादेयता बिर्सेको यो जटिल अवस्था ! यही दुर्लभ जीवनलाई भरमग्दूर सदुपयोग गर्नुपर्ने, भइरहेको दुःखलाई पहिचान गरेर दुःखमुक्त बन्नुपर्ने, भरसक मार्गफलमा प्रतिस्थित भएर शासनिक अंशियार हुनुपर्ने प्रस्तुत पुस्तकको मूल सन्देश सबैको लागि सोचनीय छ, मननीय छ एवं आचरणयोग्य छ भन्दा बढी नहोला।

- बौद्ध देश म्यानमारमा बुद्धशिक्षा अध्ययन गरी हाल सिद्धिपुरस्थित सिद्धिमंगल बुद्ध विहारमा बसिरहनु भएका आयुष्मान् भिक्षु बिमलो ! आफ्नो युवा जोश र जाँगरलाई सही ठाउँमा सदुपयोग गर्नुभएको निकै प्रशंसनीय छ। मनमा आओस् वा नआओस्, मुखले भनोस् वा नभनोस्, हामी उहाँबाट अझ राम्रा, उपयोगी, लाभप्रद पुस्तकहरूको अपेक्षा त्यसै त्यसै पनि राख्न पुगिहाल्छौं।

- जीवनका आरोह-अवरोहमा यावत् तगारा-अप्ठ्याराहरूलाई पन्छाएर बहुजनहिताय बहुजनसुखायका बाटोमा अनवरत लाग्न सकून्, हे आयुष्मान् बिमलो ! हृदयभित्रबाट तिमीलाई यही आशिका गर्दछु। शुभकामना छ है !

**- भिक्षु संघरक्षित स्थविर "परियत्ति सद्धम्म कोविद"**

**प्रमुखः** सत्यसन्देश प्रचारक प्रकाशन/ आनन्द भूवन विहार, स्वयम्भू



Downloaded from http://dhamma.digital

# शासनिक अंशियार हुने कसरी ?

## स्वेऊमें सयादोसंगको भेट

आज शनिवारको रात, हामीहरू ४ दिन अगाडि दिवंगत हुनुभएका स्वेऊमें सयादो (श्रद्धेय भिक्षु स्वेऊमें महास्थविर) को स्मरणीय उत्सवमा, आयुष्मान् भिक्षुहरूबाट म (सयादो ऊ पण्डिताभिवंस) लाई एक रात धर्मदेशनाको लागि अनुरोध (प्रार्थना) गरेअनुरूप आजको रात धर्मदेशनाको लागि मौका जुध्न आएको हो ।

धर्मदेशना गर्ने हो भने त एउटा न एउटा सूत्रलाई प्रकाश पारी, एक न एक सूत्रलाई झिकेर धर्मदेशना गरेमा उपयुक्त हुने हो । तरै पनि केही स्मरणीय कुरासहित जोडेर देशना गरेमा थप उपयुक्त ठहरिनेछ कि जस्तो लाग्छ ।



Downloaded from http://dhamma.digital

हामीलाई स्वेऊमें सयादो भन्तेसँग सौहार्दपूर्ण वातावरणमा केही समय बस्ने मौका मिलेको र महाशी सदायोको निर्देशन र निगरानीमा कर्मस्थानाचार्य (ध्यानगुरू) भएर काम गर्ने मौका मिलेको थियो । भेटघाट शुरूको त कर्मस्थानाचार्य भई काम गर्नु अगावै भएको थियो ।

हामीभन्दा १ वर्ष अघि स्वेऊमें सयादो ध्यानभावना अभ्यासमा लाग्नुभएको थियो । मैले चाहिं ध्यान अभ्यास सकाएर सयादो (गुरू) हरूबाट जिम्मेवारी दिए अनुरूप फर्केर पुनः पढाइतिरको जिम्मेवारी लिएँ । स्वेऊमें सयादोलाई त्यहीं ध्यान अभ्यास सकाएर महाशी सयादो आफैंले विश्वास गरी, भरोसा राखी, ढुक्क भई कर्मस्थानाचार्य भएर कार्य सम्हाल्ने जिम्मेवारी प्रदान गरेको थियो ।

स्वेऊमें सयादो पनि कर्मस्थानाचार्य हुनुभएको समयमा बरोबर हामी बस्ने विहारबाट महाशी सयादो कहाँ पुगेर सोध्ने इच्छा भएका कुराहरूलाई सोध्ने गर्दथ्यौं । धार्मिक सम्बन्ध पनि भइसकेको हुनाले महिनाको एकपल्ट, होइन भने दुई महिनाको एकपल्ट भए पनि धार्मिक छलफलको लागि आउने गर्दथ्यौं ।

यसरी स्वेऊमें सयादोसँगको निरन्तर भेटघाटबाट



Downloaded from http://dhamma.digital

सयादोसँग विस्तारै भावनात्मक रूपमा उहाँसंग सम्बन्ध नजिकिन पुग्यो । मलाई, सयादोले समय अनुकूल परिस्थितिको परीक्षण निरीक्षण गरी महाशी ध्यान केन्द्रमा कर्मस्थानाचार्य भई कार्य गराउन जिम्मेवारी दिने इच्छा भएकोले "आउनुहोस्, उनीहरूसँग मिलेर हातेमालो गरेर एक आपसमा सहयोगको भावना र भाइचाराको भावना राखी यहाँको जिम्मेवारी पनि सम्हाल्नु होला, सहयोगको हातेमालो गर्नुहोला" आदि इत्यादी रूपमा प्रोत्साहन दिनुहुन्थ्यो ।

पहिल्यै नै मलाई सयादो (गुरू) हरूले विहारमा पढाउने जिम्मेवारी दिइराखेको हुनाले, मूल गुरूहरूलाई पनि आफूबाट छुट्याउन नसकिराखेको अनि पढिराखेका विद्यार्थीहरूलाई पनि दया करूणा राखी उनीहरूको इच्छा पूर्ण गर्न नसकिराखेको जस्तै भइरहेको थियो तर एक वर्ष जति बित्दाखेरि कारण जुडेको जस्तै गरी यहाँका धर्म बन्धुहरू पनि धर्म श्रवण गर्ने इच्छा भएको अनि उहाँले पनि प्रोत्साहित गरिरहनु भएको हुनाले, मैले यसो हेर्नु पनि हुन्छ, बुझौं पनि भन्ने विचारले एक महिना जति नै आएर हेर्नेछु भनी विन्ती चढाएको थिएँ ।

त्यसको अलावा ध्यान भावना अभ्यास गर्ने इच्छा पनि उत्पन्न भएअनुरूप वर्षावास शुरू हुने एक महिना



Downloaded from http://dhamma.digital

बाकी भएको ४० दिन जति अघि अभ्यासको लागि गएको थिएँ। एकतर्फ ध्यान अभ्यास पनि भयो, अर्कोतर्फ चाहिं अनन्त गुणवान् महाशी सयादोलाई उहाँले ऊ. पण्डितको पनि उनीहरू जस्तै कर्मस्थानाचार्य भएर जिम्मेवारी लिनको लागि, जिम्मेवारी निभाउनको निम्ति जिम्मेवारी दिन आवश्यक भइसक्यो भनी प्रार्थना गर्न गएको थियो। गएर प्रार्थना गरे अनुरूप सयादोले पनि सजिलैसित म विशेष कार्य विधि त अपनाई रहन थान्दिन, सयादोसँग नै बारम्बार भेटघाटका साथ घुलमिलिसकेका व्यक्ति, त्यस माथि सम्बन्ध पनि अति नै राम्रो, नजिकको सम्बन्ध समेत गाभिसकेका व्यक्ति हुन आदि इत्यादि कारण देखाई अति नै राम्रो विचार हो भनी सहर्ष स्वीकार गर्नु भई मौका प्रदान गरेदेखि शुरू गरी म पनि कर्मस्थानाचार्यमा प्रतिस्थापित भएं। त्यहाँदेखि कर्मस्थानाचार्य भई बसेदेखि केहीले बाहिरिएन। छुट्टिएर बस्नु परेन।

त्यसपछि बिस्तारै मित्रताको कसी दरिलो र सम्बन्ध बलियो हुँदै गयो। स्वेऊमें सयादोले मलाई आत्मियताका दृष्टिले अति नै मैत्री राख्ने एउटा ठूलो दाइ जस्तै बनेर एउटा सही सहधम्मिकको रूपमा लिई मलाई हेरचाह गर्नुहुन्थ्यो।



Downloaded from http://dhamma.digital

मलाई उहाँ स्वेऊमें सयादोले जसरी आफ्नो सानो भाइ जस्तै गरी हेरचाह गर्नु हुन्थ्यो, त्यसरी नै मैले पनि ठूलो दाइप्रति साँचै सानो भाइ जस्तै बनेर उहाँको स्वास्थ्यको लागि उपयुक्त हुने खानाहरू आफूले सक्नेजति, आफूले सम्झे जति उहाँ सयादोको प्रयोगको लागि व्यवस्था मिलाउने गर्थे। यसरी साँचैकै दाजुभाइ को रूपमा एक आपसमा सहधम्मिक (धार्मिक सहयात्री) जस्तै बसिराखेको भन्नु पर्यो। त्यही दिनहरूदेखि लिएर उहाँ सयादो नबित्नु भएसम्म निरन्तर रूपमा नै नछुटिकन नै बस्नै मौका पाएं।

कर्मस्थानाचार्य भएदेखि नै उहाँ पुजनीय सयादो बित्नु भएको अन्तिम महिनासम्म नै हामीहरूले उहाँ सयादोबाट सरसल्लाह, ओवाद उपदेशहरू ग्रहण गरी लिन पाइराखेका थिएँ। त्यही वर्षहरूमा उहाँबाट हामीलाई सहयोग गर्नुभएका कुराहरू पनि सयौं अनगिन्ती नै भेटिन्छन्। उहाँबाट ओवादित कुराहरू पनि अति नै स्मरणीय अनुशरणीय हुन्थ्यो।

त्यही स्मरणीय अनुशरण योग्य अनुशासित कुराहरू मध्येमा मेरो हृदयमा गहिरिएर बसेको, बिर्सन नहुने स्मरणीय अनुशासनहरूलाई आज श्रद्धापूर्वक उठाउने, प्रस्तुत गर्ने जमर्को गर्दैछु, जसको कारण स्वेऊमें सयादोजीको गुण



Downloaded from http://dhamma.digital

स्मरण गरेको पनि हुन जान्छ । त्यसैले यहाँ पाल्नुभई धर्म श्रवणको लागि उपस्थित हुनुभएका श्रद्धालु उपासक उपासिकाहरूले पनि स्वयं आफैले सोची, बुझी त्यही गुणयुक्त स्मरणीय अनुशासन ग्रहण गरी सही रूपमा व्यवहारमा उत्तार्न सक्नु भई धेरैभन्दा धेरै उपलब्धी प्राप्त गरी लिनेछ भन्ने आशा लिएको छु ।

गएको करिब १२ वर्ष अघि हामीहरू पेखु विहार महाबोधी तोर (आश्रम) गएर आराम गर्न गएका थियौं । हामी पेखु विहार महाबोधि तोर गएर आराम गर्नुको कारणलाई पछिल्लो समयमा स्वेऊमें सयादोजीले थाहा पाउनु भई उपासक (युवा) सँग ट्याक्सी लिई महाबोधि तोर विहार ( ध्यान केन्द्र) मा पाल्नुभएको थियो । तर अफशोच ! बाटो बिराएको कारणले थौं जी भेगतिर पुग्नुभएको रहेछ । पछि थौं जी बाट पनि बोधि तोरसम्म अस्वस्थताको बावजुद पनि अति थकाई सहेर पैडल यात्रा गरी खोजी खोजी आइपुग्नु भएको थियो ।

हाम्रो विहार पनि अलि टाढाको टाढै छ । घटिमा ३ घण्टा जतिको जंगल बाटो छ कि थाहा छैन, जंगलकै बाटो काटी आउनु पर्थ्यो । तरै पनि सयादो म बसिरहेको महाबोधि तोर विहार हस्याङ्ग फस्याङ्ग गर्दै आइपुग्नु भयो । आइपुग्नु



Downloaded from http://dhamma.digital

भएको कति बेर पनि नहुँदै यात्राको थकाइ पनि नमेत्दै, भित्र छिर्ने बितिकै आफ्नो हृदयमा जहिले पनि बोकिरहेको, मनभित्र ताँसिएर बसिरहेको अनुशासनलाई हामी माथि अनुकम्पा राखी आज्ञा गर्नुभयो ।

अघिका (पहिले पहिलेका) एकजना प्रसिद्ध सयादो हुनुहुन्थ्यो रे । उहाँ सयादोसँग नजिकिन आएका, नजिकिएका भिक्षुहरूलाई धर्म उपहार स्वरूप उहाँ सयादोले अनुशासन उपदेश दिनुहुन्थ्यो रे । उहाँको अनुशासन उपदेशको ढांचाचाहिं "आवुसो ! शासनको अंशियार हुने गरी प्रयास गर्नु ल !" त्यो वाक्य सुन्ने बित्तिकै मेरो मनमष्टिस्कमा अति नै सन्तुष्टिको महसुस भयो ।

हुन त पहिले पहिलेका सयादोहरूले पनि धेरै भन्दा धेरै अनुशासन, निर्देशन गरी जानुभएको छ तरै पनि मेरो मनमा जहिले पनि गहिरिएर बसेको वाक्यचाहिं यही नै हो । त्यसैले यस अनुशासन माथि परिषद्हरूले पनि विचार गरी हेर्नुस् ल । "शासनिक अंशियार हुने गरी प्रयास गर्नु ल !" भनी सयादोले अनुशासन निर्देशन गर्नुभएको वाक्य माथि आदर गौरव राखी हामीले अभ्यासद्वारा पूर्ण गर्नु नितान्त आवश्यक छ ।



Downloaded from http://dhamma.digital

# गण (समूह) शासन

हुन त बर्मामा विशेष रूपले तीन गणहरू छन्–

१) सुधम्मा गण,

२) स्वे च्यें गण, र

३) द्वार गण ।

## सुधम्मा गण

सुधम्मा गणलाई अनुशासित गर्नु हुने सयादोलाई सुधम्मा गणको अधिपति भनेर चिनिन्छ ।

## स्वे च्यें गण

स्वे च्यें गण सम्बन्धितले पनि अधिपति हुन सक्ने क्षमतावान् स्थविरलाई संघका सारा शासनिक व्यक्तित्वहरूको बैठकबाट प्रस्तावित व्यक्तिलाई गणको अधिपतिको रूपमा छान्ने विधि छ ।

## द्वार गण

द्वार गणमा पनि त्यही अनुरूप नै उनीहरूका गणमा जो राम्रो पढे लेखेका, शील समाधि प्रज्ञाको अभ्यासबाट पूर्ण



Downloaded from http://dhamma.digital

भएको कुनै एक व्यक्ति (स्थविर) लाई द्वारवादी शासनिक अध्यक्ष पदमा नियुक्त गर्ने परम्परा पनि पाइन्छ।

साधरणतया सोच्ने हो शासनिक अंशियार हुने गरी प्रयास गर्नुको अर्थ भने यसरी गणसँग सम्बन्धित अधिपति हुने गरी प्रयास गर्नु भन्ने अर्थमा पनि लिन सकिन्छ। तर सयादोले सही रूपमा शासनिक अंशियार हुने गरी प्रयास गर्नु भन्नुका अर्थलाई बुझ्न आवश्यक छ।

शासनिक अंशियार भनेको अहिले बर्मामा भएको गण (समूह) सँग सम्बन्धित अध्यक्ष, अधिपति हुने गरी प्रयास गर्नु भन्ने अर्थलाई लिन उपयुक्त हुँदैन। आफूसँग सम्बन्धित व्यक्तिगत रूपमा शासन पूर्ण हुने गरी, अंशियार हुने गरी अभ्यास भावना र उद्योग गर्नु भन्ने अर्थ लिंदा उपयुक्त हुन्छ।

बितेको १२ वर्ष अघि महाबोधि तोर विहारमा हामीहरू बसिरहेको बेला फलयुक्त, मैत्रीभावले परिपूर्ण, दूरदर्शी, पूर्णरूपले होशियार गरिरहने स्मृति, होश दिलाउने त्यही अमृतमय सार र अर्थमय अनशासन अहिलेसम्म पनि मेरा कानहरूमा गुन्जिरहन्छ, अहिलेसम्म पनि झलझली याद आउँछ।


Downloaded from http://dhamma.digital

त्यो एउटा वाक्य (अनुशासन) हामीहरूको व्यक्तिगत र सामूहिक रूपमा फलयुक्त, सारयुक्त, अर्थपूर्ण हुनुका साथै शासनिक विषयहरूलाई दृढ बनाउन उन्नति प्रगति बृद्धि गर्नको निम्ति साँचैकै महत्त्वपूर्ण अचूक औषधिको रूपमा लिंदा अत्युक्ति नहोला । "शासनिक अंशियार हुने गरी प्रयोग गर्नु" भन्ने जुन वाक्य छ, के त्यो भिक्षुहरूसँग मात्रै सम्बन्धित कुरा हो त ? भन्दा मलाई त भिक्षुहरूसँग मात्रै सम्वन्धित कुरो हो भन्ने पटक्कै लाग्दैन । सही रूपमा भन्नुपर्दा सारा उपासक उपासिका लगायतका सारा व्यक्तिहरूसँग सम्बन्धित विषय हो ।

बुद्ध शासनमा बौद्ध भनी वस्ने व्यक्तिहरू, उपासक उपासिकाहरू बालकदेखि बृद्धसम्म अनि मृत्युको नजिक पुगिसकेका, मृत्युको मुखैमा पुगिसकेकासम्मका सारा "शासनिक अंशियार हुने गरी प्रयास गर्नु होला" भन्ने त्यो वाक्यसँग सम्बन्धित छ भन्ने मैले यसरी जानिलिएको छु । स्वेऊमें सयादोले आज्ञा हुनुभएको यस वाक्यलाई अप्रत्यक्ष रूपमा स्वेऊमें सयादोलाई आदर, सत्कार भरोसा गरी सहयोग भरोसा प्रदान गर्ने उपासक उपासिकाहरूले सयादोबाट उहाँ बाँचिरहनु समयमा कति पटक "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भनी आज्ञा गर्नुभएको पाउनु भएको छ ? कतै



Downloaded from http://dhamma.digital

यस्तो अनुशासन सुन्नु भएको छैन कि ? यदि सुन्नु भएको छैन भने त्यस्ता व्यक्तिहरूलाई अनुशासन सुन्नु भएका व्यक्तिहरूले सुनाइदिनु ल ?

भिक्षु, अनागारिकाहरूले पनि शासनिक अंशियार हुने गरी प्रयास गर्नु नितान्त आवश्यक र साह्रै अर्थयुक्त विषय हो । शासनिक अंशियार भनेको शब्दमा, शासन भन्ने एउटा शब्द र अर्को अंशियार भन्ने शब्द मिलेर बनेको हो । शासन भनेको भगवान् बुद्धद्वारा देशित निर्देशित अनुशासन सही रूपले जीवनमा धारण, ग्रहण र अभ्यास गर्नुलाई जनाउँछ ।

## सही र गलत दुई बाटो

मानिसहरूको सामुन्ने सही र गलत भनी २ प्रकारका बाटाहरू छन् । त्यही २ बाटोहरू मध्येमा गलत बाटो हिंडिरहेकाहरूले पनि गलत बाटो हिंडिरहेछु भनी सही रूपमा देखेको हुँदैन भने सही बाटोमा हिंडिरहेकाहरूले पनि सही बाटो हिंडिरहेछु भनी सही रूपले देखेको हुँदैन । जुन बेला भगवान् बुद्धले यो यो सही गलत भनी छुट्याएर देखाउने छ, त्यस बेला मात्रै यो सही यो गलत भनी मानिसहरूले


Downloaded from http://dhamma.digital

स्पष्टरूपमा छुट्याएर जानी लिन सक्ने हुन्छ ।

गलत बाटो भनेको गलत कार्य (कायिक), गलत बोलाइ (वाचिक) र गलत सोचाई (मानसिक) यी अकुशल धर्महरू हुन् । सही बाटो भनेको पनि माथिको ठीक उल्टो सही कार्य (कायिक), सही बोलाइ (वाचिक) र सही सोचाई (मानसिक) यी कुशल धर्महरू हुन् । बढीमात्रामा भन्ने हो भने भगवान् बुद्ध उत्पन्न बिनाको समयदेखि भगवान् बुद्धको उत्पत्तिको समयसम्म त सत्वप्राणीहरू साँचै भन्नुपर्दा गलत बाटोमा नै हिंडिरहेका हुन्छन् । त्यस्ता गलत बाटाहरू नै औल्याइरहेका हुन्छन् । गलत बाटो हिड्ने व्यक्तिहरू यात्राको क्रममा पुनः शुरूकै स्थानमा आइपुग्ने हुन्छ ।

गलत बाटो भन्नाले पाणातिपाता अथवा मारकाट गर्नु, अदिन्नादाना अर्थात् चोरी गर्नु, कामेसु मिच्छाचारा अर्थात् व्यभिचार गर्नु । यी तीन अकुशल कर्महरू कायिकसँग सम्बन्धित अर्थात् यी शरीरबाट गर्ने तीन अकुशल कर्महरू हुन् ।

मुसावादा, पिसुनवाचा, फरूसवाचा, सम्फप्पलाववाचा यी चार अकुशल कर्महरू वाचिकसँग सम्बन्धित अर्थात् वचनद्वारा गरिने ४ अकुशल कर्महरू हुन् ।


Downloaded from http://dhamma.digital

अनि मनबाट गरिने अकुशल भन्नाले अभिज्भा, व्यापाद र मिच्छादिट्ठि यी ३ अकुशल कर्महरू हुन् ।

शारीरिक, मानसिक र वाचिक रूपमा फल नमिल्ने कार्य गर्नुलाई अकुशल कर्म भनिन्छ । यसरी गलत बाटोमा हिंडिरहेका मानिसहरूले मन, तन र वचन तीन द्वारबाट फल नमिल्ने कार्य वा अकुशल कर्म गरिरहेका हुन्छन् । लोभमा डुबेर अकुशल कर्म गरिरहेका हुन्छन्, दोषमा डुबेर अकुशल कर्म गरिरहेका हुन्छन्, अन्धकाररूपी मोहमा डुबेर अकुशल कर्म गरिरहेका हुन्छन् । अकुशल कर्म, गलत कर्म भन्नाले मानिसहरूको मन, तन, वचनद्वारहरूले दोषबाट नअलगिएको वा खराब वा दुषित भएको हो, कडा भएको, जलन भएको वा घृणित स्वभाव भएको हो ।

यी साराका सारा अकुशल कर्महरूलाई उहाँ भगवान् बुद्धद्वारा प्रत्यक्षरूपमा स्वयं आफैले देख्नुभएको थियो । यसरी दोषबाट मुक्त नभएका, सफा स्वच्छ नभएका नम्रता, विनम्रता नभएका नरम स्वभाव नभएका, जलन र घृणित स्वभाव भएका आचरणहरूलाई चटक्कै त्यागन चाहनु हुन्छ भने, मुक्त हुन चाहनु हुन्छ भने भगवान् बुद्धद्वारा निर्देशित बाटोभन्दा उल्टो, गलत बाटाहरूमा नहिड्नु नै उचित ठहरिनेछ ।



Downloaded from http://dhamma.digital

उल्टो र गलत बाटाहरू हिंड्नु भयो भने त्यसको फल दुःख सिवाय अरू केही हुन्न, मात्र दुःखै दुःख पाउने हुन्छ। भगवान् बुद्धले हामी मानिसहरूलाई यी यी बाटाहरू सही हुन्, यी यी बाटाहरू गलत हुन् भनी स्पष्टै रूपमा देखाएर जानुभएको छ। शारीरिक र वाचिकलाई कसरी शुद्ध पार्ने अनि मानिसक रूपमा पनि कसरी शुद्ध पारी कसरी कुन तरिकाले उच्च स्तरमा पुऱ्याउने भन्ने शिक्षा पनि उहाँ भगवान्ले उपदेश गर्नुभएको छ। आफ्नो साधारण तहको प्रज्ञा, ज्ञानदेखि लिएर उच्चभन्दा उच्चस्तरको प्रज्ञा ज्ञानको अभिबृद्धि कसरी गर्दै लान सकिन्छ भन्ने जस्ता अमृतमय अतुलनीय उपदेशहरू पनि उहाँ सम्मासम्बुद्धले देशना गरी जानु भएको छ।

शीलसँग सम्बन्धित आचरण र भावना अभ्यास, समाधिसँग सम्बन्धित आचरण र भावना अभ्यास अनि प्रज्ञासँग सम्बन्धित आचरण र भावना अभ्यासहरूलाई उहाँले मैत्री चित्त राखी स्पष्ट स्पष्टरूपमा हामीलाई त्यही कुशल बाटाहरू देखाउनु भएको छ, निर्देशित गर्नुभएको छ। यसरी उहाँ भगवान् बुद्धद्वारा निर्देशित भए अनुरूप अभ्यासरत मानिसहरूले अभ्यास गरे जति शील, समाधि र प्रज्ञासँग सम्बन्धित आचरण, शारीरिक र वाचिक रूपमा शुद्ध भई



Downloaded from http://dhamma.digital

नरम, विनम्र भई जान्छ अनि चित्तलाई पनि शुद्ध शान्त हुने गरी भावना अभ्यास गर्नुभयो भने चित्त (मानसिक) पनि ताजा, सफा, शीतल शान्त हुने हुन्छ । हर समय अकुशलरूपी क्लेशहरू हट्ने, नाश हुने गरी अभ्यासरत हुने, हरसमय क्लेशबाट मुक्त भई क्लेशरूपी शत्रुहरूलाई परास्त गर्ने, प्रज्ञासँग सम्बन्धित आचरण र भावना अभ्यासलाई उहाँ भगवान् सम्मासम्बुद्धद्वारा हामीलाई अतुलनीय रूपमा छुट्याइ छुट्याइ स्पष्ट स्पष्ट रूपले छर्लङ्ग हुने गरी निर्देशन अनुशासन गर्नुभएको छ ।

यसरी उहाँ सम्मासम्बुद्धद्वारा निर्देशित अनुरूप अभ्यासरत व्यक्तिहरूले अभ्यास गरे जति विपस्सनामय प्रज्ञा, भावनामय प्रज्ञासँगै मार्गफल प्रज्ञा तह तह बृद्धि गर्दै गयो भने क्लेशहरू विनाश भई चित्त पनि दोषरहित, मैलरहित भई शुद्ध, शीतल, शान्त हुन जान्छ । नम्र र कोमल हुन जान्छ । कम्तीमा १ मार्ग १ फल प्राप्त भयो भने गृहस्थी जीवन बिताएर भए पनि शासनसँग भेटेर अभ्यासरत भई अभ्याससित फल प्राप्त गरी लिएको ठहरिन्छ । यतिसम्मको प्राप्ति (१ मार्ग १ फल) लाई मात्रै आफ्नो भव सुनिश्चित भएको मान्नुपर्छ । अरहन्तसम्मको मार्गफल प्राप्तिलाई विशेष भन्नु पर्ने केही छैन ।



Downloaded from http://dhamma.digital

यसरी नै भगवान् बुद्धद्वारा निर्देशित सही बाटोलाई राम्ररी जानिलिई अभ्यासरत जोसुकै मानिसहरू शारीरिक, मानसिक र वाचिक रूपले तीनै द्वारहरू दोषरहित भई शुद्ध, स्वच्छ, शीतल, शान्त र प्रशन्न हुन्छन् । कारण उहाँ भगवान् बुद्धकै निर्देशन उपदेश उत्कृष्ट भएकोले हो । भगवान् बुद्धद्वारा निर्देशित एवं प्रोत्साहित भए बमोजिम भावना अभ्यासरत व्यक्तिहरू अभ्यास गरे गरे जतिकै तन, मन, वचन शुद्ध, शीतल, शान्त हुँदै दोष, मैल, विकार र क्लेशरहित पनि हुँदै जाने हुन्छ । यसरी अभ्यासरत व्यक्तिहरूमा दोष, मैल, क्लेश हट्नुको मूल कारण नै भगवान् बुद्ध हुनुहुन्छ । बुद्धका निर्देशनहरू र उहाँका प्रोत्साहन नै हो ।

धार्मिकपूर्वक सही रूपमा अभ्यास आचरण गरी व्यवहारमा उतारी प्राप्त शील, समाधि र प्रज्ञा आचरण धर्महरूलाई "शासन" भनिन्छ । तन, मन, वचन तीनै द्वारको सदुपयोग, श्रेष्ठकर र सत्य हुने गरी प्रत्यक्ष रूपमा निर्देशन गर्नु भएको कारणले तीनैद्वार शुद्ध स्वच्छ, शान्त, शीतल प्रसन्न भएको हो । यसैलाई नै "शासन" भनिन्छ ।

संक्षिप्त रूपमा भन्ने हो भने भगवान् बुद्धद्वारा निर्देशित, ओवादित, उपदेशित सही बौद्ध आचरण, शुद्ध



Downloaded from http://dhamma.digital

आचरण, अभ्यास-आचरण गर्ने शील, समाधि र प्रज्ञा अभ्यासको सही आचरण र सभ्यता हो । शारीरिक र वाचिक रूपमा हुने आचरणहरूलाई सभ्य हुने गरी यसरी यसरी अभ्यास गर्नु भनी भनिएको शीलसँग सम्बन्धित सही अभ्यासित बाटाहरू, चित्त र चेतसिक शुद्ध सफा हुने गरी यसरी यसरी अभ्यास गर्नु भनी भनिएको समाधिसँग सम्बन्धित सही अभ्यासित बाटाहरू बुद्धि विवेक र प्रज्ञा तह तह रूपमा बृद्धि हुने गरी यसरी यसरी अभ्यास गर्नु भनी भनिएको प्रज्ञासँग सम्बन्धित बाटाहरू अरू होइनन् । "सतिपट्ठान भावना धर्म नै हो ।"

सतिपट्ठान भावना धर्मलाई पूर्णरूपमा सन्तुष्ट हुने अवस्थासम्म भावना अभ्यास गर्यो भने शील, समाधि र प्रज्ञारूपी भावनामय धर्महरू समावेश भई जान्छ । अभ्यास गरे अभ्यास गरेजति भावना अभ्यास गर्ने व्यक्तिहरूमा तन, मन, वचनरूपी तीनै द्वारका अकुशल विलाएर कुशल बृद्धि हुँदै सभ्य हुँदै जानेछ । कोमल हुँदै जानेछ । शीतल, शान्त र निर्मल हुँदै जानेछ । प्रशन्न, खुशी र आनन्द स्वभावहरू बृद्धि हुँदै जानेछ । किन ? सही अभ्यास जानी बुझी सही रूपमा अभ्यास गरेको कारणले ।



Downloaded from http://dhamma.digital

त्यसकारण भगवान् बुद्धद्वारा ओवादित ओवादहरू, निर्देशित निर्देशनहरू, उपदेशित उपदेशहरू मानिसहरूको, सत्वप्राणीहरूको शारीरिक, मानसिक र वाचिकरूपमा तीनै द्वार सभ्य हुने गरी अभ्यास गराउने भएको कारणले पालीमा "सासन" भनिएको हो ।

नेपाली भाषाबाट भन्ने हो भने बुद्धहरूको आचरण "बौद्ध आचरण" हो । त्यस बौद्ध आचरणको अंशियार हुने गरी अभ्यास गर्नु भन्ने अर्थलाई बुझ्न सकिन्छ । "अंशियार" अंश, हिस्सेदार (हिस्सा), भागेदार "भाग" भनेको किताबबाट निस्केको शासन होइन । भिक्षुहरूले देशना गर्ने धर्म, भिक्षुहरूको मुखबाटै निस्केका शब्दहरू शासन होइन । भगवान् बुद्धद्वारा उपदेशित, निर्देशित, ओवादित भए बमोजिम, आफ्ना गुरूहरूबाट निर्देशित अनुरूप धार्मिक रूपमा सही अभ्यास गरे जस्तै आफूमा प्राप्त भएको शील, समाधि र प्रज्ञा जस्ता भावनामय धर्महरूलाई शासन भनिन्छ । अहिले ध्यान भावना अभ्यास गरिराखेको वापत प्राप्त भइरहेको हो । प्राप्त भयो भने त शासनको अंशियार, हिस्सेदार, भागेदार भयो । जीवन यापनको लागि अभ्यास प्रयास गर्ने बेलामा अभ्यास प्रयास गरेवापत धनसम्पत्ति प्राप्त भयो भने त्यो प्राप्त धन आफैंले मेहनत गरी प्राप्त गरेको हुनाले त्यही धनसम्पत्ति आफ्नै



Downloaded from http://dhamma.digital

निजी सम्पत्ति हो, अरू कसैको भाग लाग्दैन । आफूले मेहनत, अभ्यास प्रयास गरेको कारण आफैले पाएको हो, आफ्नै निजी भएको हो । आफूले अभ्यास गरे आफैंले प्राप्त भएको शील, समाधि, प्रज्ञारूपी भावनामय धर्म सहीरूपमा अभ्यास गरेअनुरूप त्यही शील, समाधि र प्रज्ञा पनि निज़ी सम्पत्ति हो । यही नै शासनिक अंशियार हो ।

## शासनिक प्रतिशत

भन्ते भिक्षुहरूबाट पनि भगवान् बुद्धद्वारा निर्देशित बमोजिम अभ्यास गरेर कुनै भिक्षुमा शासनको अंश प्राप्त हुन गयो भने त्यो भिक्षु शासनको अंश प्राप्त भएको हुनाको कारण त्यो भिक्षु पनि शासनिक अंश हुन जान्छ । कुनै पनि उपासक उपासिका होस् वा भिक्षु, श्रामणेर अथवा अनगारिकाहरू होस्, भगवान् बुद्धद्वारा उपदेशित बमोजिम अभ्यास, प्रयास गरी आफ्नो जीवनलाई बौद्ध आचरणमा ढालिंदै गयो भने उनीहरू पनि बिस्तारै शासनको अंश, शासनिक हिस्सा हुँदै जान्छ । गृहस्थीहरूले गृहस्थी जीवन अनुसार कम्तिमा पञ्चशील पूर्णरूपमा पालन भएको छ भने त्यही गृहस्थीहरू शील शासनको हिस्सा वा अंश हो ।



Downloaded from http://dhamma.digital

मानिसिकरूपमा, चेतसिकरूपमा शुद्ध पवित्र हुने गरी अभ्यास, प्रयास गर्यो भने अभ्यासरत व्यक्तिको चित्त, मन शीतल, शान्त हुन जान्छ । यी शान्त शीतल हुने गरी अभ्यास, प्रयास गर्नु नै निजी सम्पत्ति हो ।

नाम रूप विभाजन गरी जानिलिएको ज्ञानदेखि शुरू गरी माथिल्ला तहका ज्ञानहरू उत्पन्न गरी पूर्णता प्राप्त गर्यो भने, कम्तिमा १ मार्ग १ फल प्राप्त गरी लिन सक्यो भने त्यो व्यक्तिले आफूले गरे जस्तै आफैले हिस्सा अंश पाउँदै जाने हो । गृहस्थीहरू पनि शासनको हिस्सेदार, अंशियार हुन सक्छ । साराका सारा शासनको हिस्सेदार अंशियार हुन सक्छ । यस अर्थलाई देखेर, यसै सारलाई देखेर जानेर उहिले उहिलेका एक जना प्रख्यात सयादो (भन्ते)बाट आफ्नो समिपमा आउने भिक्षुहरूलाई "आवुसो ! शासनको हिस्सेदार अंशियार हुने गरी प्रयास गर्नु" भनेको हो ।

परिषद्लाई म सोध्न चाहन्छु, शासनको हिस्सेदार, अंशियार हुने गरी प्रयास, भावना अभ्यास गरिरहेका छौ के ? बौद्ध संस्कृति, बौद्ध आचरण सही रूपले सही ढंगले अभ्यास गरी व्यवहारमा उतारी प्राप्त हुने शील, समाधि, प्रज्ञा आफूमा सके जति प्राप्त गरी लिई सक्यौ के ?



Downloaded from http://dhamma.digital

अहिले बित्नु भएका स्वेउमें सयादोमाथि आदर भरोसा राख्ने व्यक्तिहरू भन्ने हो भने सहीरूपमा अभ्यास गर्नुपर्ने कुरा सुनेरै मात्रै नभइकन उहाँसँग समय लिई साँचैकै अभ्यास गर्ने हो भने शील, समाधि, प्रज्ञाजस्ता धर्म कुशलहरूलाई आफैले प्रयास, अभ्यास गरी आफैले प्राप्त गर्यौ भने जति जति नजिकको शील, समाधि, प्रज्ञा प्राप्त हुँदै जान्छ, त्यति त्यति नै ऊ पनि शासनको नजिक हुँदै जाने हो । अलि अलि नजिक भए अलि अलि नजिकको शासनिक अंश हुन्छ, धेरैभन्दा धेरै शील समाधि प्रज्ञा प्राप्त हुँदै गयो भने चाँदै नै शासनिक अंशियार हुन्छ । घटीमा मार्गफलसम्म प्राप्त गरी लिएमा त निश्चितता नै भयो कि ऊ भगवान् बुद्धद्वारा उपदेशित शासनको अंश भयो भनेर ।

भावना अभ्यासको बलले एकजनाले मार्गफल प्राप्त गरी लिएमा १ जना शासनको अंशियाार भयो । २ जनाले प्राप्त गरी लिए दुई जना शासनको अंशियार हुन गयो । यसरी शासनिक अंश प्राप्त गरी लिनुलाई नै शासनिक अंशियार भनिन्छ ।

यसलाई पनि मैले दाँजेर देखाउने छु । बर्मा देशमा जनसंख्या ५० करोड नाघिसक्यो । त्यो ५० करोडमा बौद्ध



Downloaded from http://dhamma.digital

नभएका व्यक्तिहरू १० करोड जतिको छ । ५० करोडभित्र १० करोड घटाउने हो भने ४० करोड बाकी हुन्छ । त्यस बाकी ४० करोड सबैले बुद्धधर्मलाई आदर, सत्कार र माया गर्दछन् भन्दा अनुपयुक्त नहोला । तर पनि विभिन्न कठिनाइहरूसँग जुड्दै विभिन्न कारणबस बुद्धधर्मको संस्कृति, बौद्ध आचरणदेखि टाढिएर आइरहेको करिब ४० वर्ष पुगिसक्यो ।

अभिभावकहरूको निगरानीमा रहेका व्यक्तिहरू र स्वयं आफै पनि उहिले असल आमा-बुबा, असल मित्र र आफन्त अनि असल गुरूहरूको अनुशरण नगरेको भए शील शासनदेखि अन्य (समाधि, प्रज्ञा) शासनको अंशियार हुन सक्ने अवस्था थिएन । अहिले पनि शील विशुद्धि भएका व्यक्तिहरू कतिका छन् ? परिषद् स्वयं आफैले नै अनुमान लगाउनु होस् । त्यसमा पनि चित्त शीतल, शान्त, सफा पार्न सक्ने समाधि शिक्षा भएका व्यक्तिहरू कतिका छन् ? त्यसलाई पनि परिषद् स्वयं आफै जाँच्नु होस् । अनि त्यसभन्दा पनि अर्को एक तहमाथि गई विपश्यना ज्ञान, आर्यज्ञान, प्रज्ञाज्ञानबाट पूर्ण भएका व्यक्तिहरू कति जनाको हिसाब पाउन सकिन्छ ? त्यो पनि परिषद् आफै अनुमान र जाँच गर्नुहोस् ।



Downloaded from http://dhamma.digital

करिब ४० वर्ष अघि कारणबस बौद्ध संस्कृति, बौद्ध आचरणबाट छुट्टिएर, टाढिएर गएको कारण बौद्ध संस्कृति, बौद्ध आचरण विहीन भई जीवन बिताइरहेका मान्छेहरू बर्मा देशमा अहिले कस्तो अवस्थामा उनीहरू के भइरहेका छन् भनी दाजी हेर्नु होस् ।

असल आमा बुबा, असल मित्र र आफन्त अहिले जस्तो स्वेऊमें सयादो जस्ता व्यक्तित्वमाथि आधार भरोसा राखेका व्यक्तिहरूले आधार भरोसा राख्ने भनेको हल्का फुल्का होइन । निर्देशित कुराहरूलाई सही रूपमा अभ्यास गरी यही नै भवमा साँचै नै शासनको अंशियार हुनु नितान्त आवश्यक छ ।

शासनको अंशियार हुनुपर्छ भन्ने चेतना राखी सहीरूपमा शासनिक अभ्यास हुन सक्ने छोटा बाटाहरू स्वेऊमें सयादोजीको तर्फबाट हामीलाई प्राप्त हुन्छ । भावना अभ्यास पनि गर्यो भने शील, समाधि र प्रज्ञा शासनमा अंशियार हुन जानेछ । साँचै नै पूर्णरूपमा जीवन उप्रान्त शासनिक अंशियार हुने व्यक्तिहरू कतिका छन् ? दाँजेर हेर्नु होला । देशभरि नै सहीरूपमा नियालेर हेर्नु होला । असल आमा बुबाको आधार भरोसा राख्ने, असल गुरूहरूको अनुशरण



Downloaded from http://dhamma.digital

गर्ने, साँचैको सयादो भन्तेहरूको अनुशरण गर्ने, त्यही व्यक्तिहरू अनुशरण गरेकाले शील शासनको अंशियार हुन गयो। समाधि शासनको पनि अंशियार हुन गयो र प्रज्ञा शासनको पनि अंशियार हुन गयो। यसरी साँचै कै शासनिक अंशियार हुन गयो भने मानव जस्तो दुर्लभ स्वामित्व प्राप्त गरी लिनुको उचित फल प्राप्त हुन गयो। यसरी शासनसँग भेटेर त्यसको उचित फल प्राप्त भयो भनेर गर्वका साथ तोकेर भन्न सक्ने व्यक्ति बर्मा देशभरिमा कति जना हुन्छन् ?

अहिले बौद्ध नभएका १० करोड घटाए भने ४० करोड बाकी हुन्छ। मैले देखे अनुसार दाँजेर हेर्ने हो भने बाकी ४० करोडमा ३, ४ करोड मात्रै हुन आउँछ शासनिक अंशियार भयो भनी निश्चित भएका व्यक्तिहरू। शासनिक व्यक्तिहरू सही रूपमा ४ करोड जति मात्र हुन्छन्। यो ४ करोडलाई घटाउने हो भने ३६ करोड बाकी हुन्छ। त्यही ३६ करोड चाहिं बौद्ध हुँ भनी नाम मात्रको बौद्ध, खासै बौद्ध संस्कृति, बौद्ध आचरणलाई नजानी त्यतिकैका बौद्धमात्र होला जस्तै लाग्ने बौद्धहरू हुन्। यस्तै किसिमको परम्परामा शासनिक अंशियार भयो भनी साँचैकै ढुक्क, निश्चित भई छुट्याएका व्यक्ति मानिसहरू उहिले उहिलेका श्रद्धेय सयादोबाट उपदेशित निर्देशित भएको "आवुसो ! शासनिक



Downloaded from http://dhamma.digital

अंशियार हुने गरी प्रयास गर्नु" भन्ने वाक्यसँग दाँजेर हेर्नु होला । शासनिक अंशियार भनी मानिएका व्यक्तिहरूलाई उहाँ सयादोबाट व्यक्त वाक्यसँग तुलना गरी हेर्नु होला ।

शासनिक अंशियार भनेको कम्तिमा एक मार्ग एक फल प्राप्त गरी लिएमा शासनिक अंशियार हुन्छ, नत्र भने शासनिक अंशियार भएको भन्नु हुँदैन र मिल्दैन पनि ।

उहाँ सयादोबाट आज्ञा गर्नुभएको कम्तिमा आर्य हुने गरी भावना अभ्यास गर्नु भन्न खोजिएको हो, कम्तीमा स्रोतापन्न हुने गरी भावना अभ्यास गर्नु अनि मात्र शासनिक अंशियार हुनेछ भनी भन्न खोज्नुभएको हो । भिक्षुहरू, अनागारिकाहरू आफैले पनि यो सल्लाह नबुझेर नै होस्, बुझेर नै किन नहोस्, सहीरूपमा ग्रहण र आदरभाव राखेको पाइदैन । अभ्यासै गर्दैनन् भने त परियत्ति शासनको अंशियार पनि हुँदैन । अभ्यास बिना त प्रतिपत्ति शासनको अंशियार अझै हुन सकिँदैन । सही रूपमा परियत्ति अभ्यास बिना रहने हो भने त्यसको हातमा प्रतिपत्ति शासनको अंश पनि हुँदैन र सुहाउँदैन पनि । यदि प्रतिपत्ति शासनको अंशियार भएनौ भने त प्रतिवेध शासनको अंशियार हुने त पूरै पर पो हुन्छ त । अध्ययन अध्यापन त भइरहेको छ, त्यो सही पनि



Downloaded from http://dhamma.digital

हो तर सही अभ्यास मात्र जानी त्यसलाई अभ्यास गरेनौ भने, व्यवहारमा उतारेनौ भने कुनै पनि हिसाबले त्यो शासनिक हिस्सेदार अंशियार र भागेदार हुन्न ।

एक प्रकार, एक हिसाबले भिक्षुहरूबाट अध्ययन त गर्दछन् । अध्ययन अनुरूप त्यस अध्ययनबाट निर्देशित बमोजिम आफूले पालना गर्नु पर्ने शीलरूपी जग, आधाररूपी विऊ भएन र छैन भने त्यो शील आफूमा नभएको कारण त्यो आफ्नो निजी सम्पत्ति भएन । त्यसैले शासनिक हिस्सा अंश पनि भएन । शील छैन भने चित्तलाई शान्त एकाग्र पार्ने समाधि पनि हुँदैन र पाउँदैन । समाधि छैन भने प्रज्ञा पनि छैन नै ।

यस प्रकारले शील, समाधि र प्रज्ञा भनिने शासन भिक्षुहरूमा पनि हुँदैन । भिक्षुहरूले शासनको अंश पनि प्राप्त गरी लिएको हुँदैन र लिन सकिँदैन पनि ।

गृहस्थी उपासक उपासिकाहरूले पनि भावना अभ्यास गर्दैनन् भने उनीहरू पनि शासनको अंशियार हुँदैन । शासनिक अंशियार भएन भने अवस्था कस्तो हुन्छ ? अहिलेको संस्कार र उहिलेको बौद्ध आचरणको प्रतिस्थासँग कसरी उपयुक्त हुन्छ कै दाँज्न सुहाउँछ र ?


Downloaded from http://dhamma.digital

अहिलेको बौद्ध आचरण भन्नु त फिक्का धमिलो छ। फिक्का र धमिलो आचरण भन्नु नै बौद्ध धर्म सम्बन्धी आवश्यक ज्ञान जानेको बुझेको होइन। सहीरूपमा भावना अभ्यास पनि उचित मात्रामा जानेको बुझेको होइन, अभ्यास गरे पनि सही अभ्यास यसरी गर्नुपर्छ भनी सही बाटो जानेको होइन। दोहऱ्याइ भावना अभ्यास गरेता पनि सही ज्ञानको जानकारी छैन। त्यो त हो मात्रको अभ्यास, त्यो त हो मात्रको बौद्ध आचरण भन्नुपर्छ।

यस्तो स्वभाव प्रतिफल हुने भएकोले नै स्वेऊमें सयादोले महाबोधि तोया शिविरमा बसिरहनु भएको बेलामा शासनिक अंशियारहुने बाटो हिडिरहनु भएको र हिडाइरहनु भएको हो। पहिले पहिलेका सयादोहरू पनि यसरी नै ओवाद उपदेश र निर्देशन गर्नु हुन्थ्यो रे। अहिलेसम्म पनि मलाई साँचैकै प्रेरणायुक्त त्यही बोधि तोया विहारमा बस्दाखेरि सयादोले दिनु भएका ओवाद उपदेशित शब्दहरू, निर्देशित बाटाहरू मेरो मन मष्तिस्कको भित्री गहिराइमा गई जरा गाडी गुञ्जायमान भइरहेको पाउँछु। यस्तो प्रेरणा र प्रोत्साहनयुक्त धार्मिक शब्दको वर्षा, प्रवाह गर्ने उहाँ महोपकारक सयादो गएको ४ दिन अघि बित्नु भइसक्नु भयो। धार्मिक शक्ति, ओजा प्रदान गर्ने सयादो बित्नु भइसक्नु भयो। उहाँ



Downloaded from http://dhamma.digital

सयादोप्रति आस्था, विश्वास र श्रद्धा राखी उहाँको ओवाद, निर्देशन पालन गर्ने भिक्षु, अनागारिकाका साथै गृहस्थी उपासक, उपासिकाहरूले पनि उहाँ सयादोप्रति श्रद्धा राखे बापत उहाँको निर्देशन अनुरूप, उहाँको ओवाद बमोजिम सयादोको इच्छा, आकांक्षा जस्तै को शासनिक अंशियार भयौ कि भन्ने विषयमा आफू स्वयंले आफूलाई प्रश्न गर्नु पर्ने आवश्यक हुन्छ ।

शारीरिक रूपमा शासनिक अंशियार हुने गरी त प्रयास गर्न जान्छौ होला तर के मानसिक रूपमा शासनिक अंशियार भयौ के ? सुनिश्चित रूपमा विश्वस्त हुने गरी शासनिक रूपमा अंशियार भयौ कि भन्ने कुरा पनि आफू स्वयंले आफैलाई सोध्नु सार्थक हुन्छ ।

यदि उत्तरमा पूर्ण रूपमा शासनिक अंशियार भइसकेको छैन भने त त्यो अवश्य भएन । यदि सयादोको इच्छा, आकांक्षा पूर्ण हुने किसिमले भावना अभ्यास गरी शासनिक अंशियार भइसक्यौ भने त त्यस्ता व्यक्तिहरूले सयादोको आदर, सत्कार र उहाँका शब्दहरूलाई सम्मान नगरेको ठहरिन्छ । यसरी उहाँको शब्दहरूलाई आदर, सत्कार र सम्मान गरे बापट त्यसको फल पनि प्राप्त हुँदै जाने हो र त्यसको फल सुनिश्चित हुँदै अघि बढ्ने हो ।



Downloaded from http://dhamma.digital

त्यसरी महोपकारक सयादोप्रति आदर सत्कार सम्मान गरेको अवस्थासम्म पुग्ने गरी, जीवन बीमा हुनसक्ने अवस्थासम्म पुग्नको लागि सयादो परलोक हुनुभन्दा अगावै बरोबर उपदेश गर्नुभएको शासनिक अंशियार हुने तरिकाहरूलाई उद्योग अभ्यास गर्नु भनी म पनि यो आसनबाट विशेषरूपले नै प्रोत्साहन गर्न चाहन्छु ।

## महापरिनिर्वाण सूत्र सन्दर्भ

यसै विषयहरूसँग जोडी महापरिनिर्वाण सूत्रमा भगवान् बुद्ध परिनिर्वाण हुनु तीन महिना अघि देशना गर्नुभएको बुद्ध शासनिक संक्षिप्त धर्मदेशनालाई महोपकारक गुणवान पूज्यपाद महाशी सयादोबाट देशना गर्नुभए अनुरूप, कुशल चेला, उत्तम चेलाहरूले गुरूहरूबाट निर्देशित बाटाहरू अनुशरण गर्नुपर्छ भन्ने निर्देशन अनुसारै धर्म उपहार पनि दिए जस्तो बुद्ध शासनिक संक्षिप्त धर्मको उदय भई आएको अवस्था कहाँदेखि त भन्दा उहाँ भगवान् बुद्ध परिनिर्वाण हुने तीन महिना अघिको समयमा वैशाली राज्य महावन कुटागार विहार निर्माण गरी राखेको विहारमा भगवान् बुद्धद्वारा शासनिक संक्षिप्त धर्मको विउ रोप्नु भएको थियो ।



Downloaded from http://dhamma.digital

त्यो समयमा आयु संस्कार छोडिसक्नु भएको थियो । त्यागी सक्नुभएको थियो । यानि आयु संस्कार सकिसकेको थियो । तीन महिना बित्यो भने परिनिर्वाण हुनेछु भनी घोषणा गरिसक्नु भइसकेको थियो । वैशालीलाई साँच्चै भन्ने हो भने भगवान् बुद्ध अति नै प्रशंसा गर्नु हुन्थ्यो । त्यस महावन कूटागार विहारमा विहार गरिरहनु भएको बेलामा भिक्षु आनन्दलाई ओवाद उपदेश निर्देशन गर्नुभएको थियो– "प्रिय पुत्र आनन्द ! वैशाली राज्यका सारा शहर र शहर बाहिर विहार गरिरहनु भएका सारा भिक्षुहरूलाई यो विहारको उपट्ठान शाला भन्ने धर्महलमा जम्मा गर्नु ।" उपट्ठान शाला भनेको जम्मा हुने बैठकको रूपमा लिन सकिन्छ ।

भगवान् बुद्धद्वारा निर्देशित अनुरूप भिक्षु आनन्द महास्थविरबाट सारा संघहरूलाई जम्मा गरिसकेपछि "भगवन् ! वैशालीमा विहार गरिरहनु भएका संघहरूलाई जम्मा गरिसकें" भनी प्रार्थना गरे । त्यसपछि भगवान् बुद्ध पनि धर्महलमा पाल्नुभई उपयुक्त आसनमा विराजमान हुनुभई क्षण भर पनि आसनमा समय खेर नफाली बुद्ध शासनको संक्षिप्त रूपमा धर्मदेशना गर्नुभयो ।

**तस्मातिह भिक्खवे ये ते मया धम्मा**
**अभिञ्ञा देसिता, ते वो साधुकं उग्गहेत्वा**



Downloaded from http://dhamma.digital

**आसेवितब्बा भावेतब्बा बहुलीकातब्बा**
**यथयिदं ब्रह्मचरियं अद्धनियं अस्स चिरट्ठितिकं,**
**तदस्स बहजुनहिताय बहुजनसुखाय**
**अत्थाय हिताय सुखाय देवमनुस्सानं ।**

(सूत्रः महावग्ग, पा. १२९)

सारांश रूपमा नेपालीमा अनुवाद गर्ने हो भने यसको अर्थ हुन्छ– "प्रिय पुत्र भिक्षुहरू ! यो स्थानमा म तथागतको आज्ञाअनुसार एकत्रित भई आइपुग्नु भन्ने कारणले म तथागत आफैले विशिष्ट ज्ञानद्वारा जानी बुझिराखेका धर्महरू छन्, कल्पना गरी देशना गरिराखेका धर्म होइनन् ।

"मया अभिञ्ञा" भनी भनिराखेको छ । म तथागत आफैले स्वयं विशिष्ट ज्ञानद्वारा जानिराखेको धर्महरूलाई तिमीहरू आफैले स्वयं आदर गौरवका साथ अभ्यास गरुन् र सही आचरण विधिहरूलाई जान्ने गरी प्रथमतः सुनून्, अभ्यास गरुन् र थाहा पाइराखून् । थाहा पाइराखेका धर्महरूलाई पनि सर्वप्रथमतः सेवन गरुन् । कार्य शुरू गरुन् । असल औषधिहरू दैनिक रूपमा सेवन गरे जस्तै सर्वप्रथमतः शुरु गरी सेवन गरुन् । अनि पछि बारम्बार सेवन गरुन् । सेवन गर्नु भनेकोलाई "भावेतब्ब" भनिन्छ । शुरू भइसकेको अवस्था धर्मलाई उन्नति, प्रगति, विकास गरी,



Downloaded from http://dhamma.digital

सानोदेखि ठूलो उच्च अवस्थामा पुग्ने अपरिपक्व अवस्थाबाट परिपक्व अवस्थामा पुग्ने, न्यून अवस्थादेखि बाहुल्य अवस्थामा पुग्ने गरी प्रयास एवं उद्योग गरुन् ।

यस्तो प्रकारको उच्च स्तरको अवस्थामा पुग्नको लागि "वहुलीकातब्बा" बारम्बार अभ्यास एवं उद्योग गरुन् भनी प्रोत्साहन दिइराखेको छ ।

"यथयिदं ब्रह्मचरियं अद्धनिर्य अस्स चिरट्ठितिकं" यसरी म तथागतद्वारा निर्देशित भए अनुरूप सही विधिलाई अध्ययन गरी, असल औषधि बारम्बार सेवन गरे जस्तै बारम्बार सेवन गरी, विशाल, बृद्धि र परिपक्व हुने गरी कार्यरत भइसकेपछि, धेरै पटक अध्ययन गरी गयौं । यो फल फलुन्जेलसम्म प्रयास गरिन्छ भने शील समाधि प्रज्ञा नामक बुद्धशासनिक सभ्यतालाई एवं संस्कृतिलाई, संक्षिप्त रूपमा दर्शाएको शासन ब्रह्मचरिय भगवान् बुद्धको अनुशासन तथा उपदेश, उत्तम आचरण बुद्धशासन दीर्घकालसम्म पनि तिक्नेछ । स्थिर स्थायी हुनेछ । दीर्घकालसम्म दृढ रहनेछ । बुद्धशासन दीर्घकालसम्म स्थिर रहन्छ भने, आयु लम्वियो भने "तदस्स बहुजनहिताय बहुजनसुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं" हुनेछ ।



Downloaded from http://dhamma.digital

श्रमण भिक्षुहरूसँग सम्बन्धित, उपासक उपासिकाहरूसँग सम्बन्धित, आफ्ना बुद्धशासनहरूलाई अलग अलग ढुक्क हुन सक्ने गरी जीवन बीमा रहन सकुञ्जेलसम्म बढीभन्दा बढी प्रतिस्थापित हुनपुग्यो, बुद्धशासन आफ्नो अधिकारमा आइपुग्यो भने त्यसरी प्रतिस्थापित बहुजनहिताय बहुजनसुखाय बहुजन हितको लागि बहुजन सुखको लागि हुन्छ। देव मनुष्यहरूलाई मैत्री करुणा राखी संरक्षण गर्नको लागि पनि हुन जान्छ। बहुजन सुखाय सत्व प्राणीमात्राको हित सुखको लागि हुन्छ नै। मनुष्य देवहरूलाई दया माया मैत्री करुणा राखी सुरक्षितको लागि पनि हुनेछ।

मनुष्य देवहरूको अतीत र वर्तमान दुबै अर्थ हित अभिबृद्धिको लागि हुन्छ भनी यी वाक्यहरू आज्ञा हुनुभएको छ। यी धर्महरू अरू होइनन्, बोधिपक्षिय धर्म (३७) नै हुन्। तद्यथाः—

चार स्मृतिप्रस्थान, चार सम्यक्प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच वल, सात बोध्यङ्ग, आठ मार्गाङ्ग हुन्।

बोधिपक्षिय धर्म बोधिज्ञानका अङ्गहरू समावेशित धर्महरू हुन्। महोपकारक स्वेऊमें सयादोलाई आफ्नो आधार



Downloaded from http://dhamma.digital

भरोसा लिई आउनु भएका व्यक्तिहरूले भाविता गर्नुपर्ने विधि, उत्पन्न भएका आरमणहरू भाविता गर्नुपर्छ भनी देखाएको छ, होइन र ? देखाएको कारण प्राप्त हुने भएको होइन र ? यो नै सतिपट्ठान धर्म हो । उत्पत्ति सारा चाल पाई, स्मृति राखी होश राखी भाविता गरी राख भनेको सारा उत्पत्तिलाई भाविता गर्नु हो । यी अंश, भाग भगवान् बुद्धद्वारा ४५ वर्षावासमा देशना गरिराख्नु भएको धर्मको "संक्षिप्त धर्म" हो ।

अनन्त गुणवान् लेडी सयादोले पनि आफ्नो पुस्तक दिपनीमा लेख्नुभएको छ । शासनको संक्षिप्त धर्म बोधिपक्खिय ३७ धर्म नै हो । त्यस मध्येमा पनि ४ सतिपट्ठान धर्म अति नै महत्त्वपूर्ण र उत्कृष्ट रहेको छ । सतिपट्ठान भावना अभ्यास गर्नु भनेको स्वयं आफैं शासनिक अंशियार हिस्सेदार हुनको लागि नै हो । त्यसैले भावना अभ्यास गर्नु भनी भन्नु आवश्यक हुन आएको हो । पहिले पहिलेका श्रद्धेय सयादोहरूले पनि उहाँहरूकहाँ आउने व्यक्ति, उपासक, उपासिका आदि सारालाई शासनिक अंशियार हुने गरी प्रयास गर्नु भनेको सतिपट्ठान भावना अध्यास गर्नु, उत्पत्ति सारालाई स्मृतिपूर्वक भाविता गरी सही अभ्यास गर्नु भनेको हो । यो निर्देशन भनेको शासनिक अंशियार हुने गरी प्रयास गर्ने निर्देशन हो ।



Downloaded from http://dhamma.digital

यसलाई सजिलैसँग जानोस्, बुझोस्, सिकोस् भन्नुको खातिर अनन्त गुणवान महाशी सयादोद्वारा पालि नजानेका व्यक्तिहरूलाई बर्मिज भाषामा नै बुझोस् भन्ने हेतुले, जानोस् भन्ने हेतुले स्मरणिकाहरू पनि बनाइराख्नु भएको छ । बौद्ध शासनिक संक्षिप्त धर्मः–

"तस्मा तिह भिक्खवे ये ते मया धम्मा अभिञा देसिता, ते वे साधुकं उग्गहेत्वा आसेवितब्बा भावेतब्बा बहुलिका तब्बा ।" त्यसलाई सयादोले भगवान् बुद्ध स्वयं आफैले जानेको बुझेको धर्म भनी माला उन्नुभएको छ । "मया धम्मा अभिञ्ञा" भनेको आफैले जानेको बुझेको धर्म भन्ने अर्थ लाग्दछ । भगवान् बुद्धले बितेको करिब २६०० वर्ष अघि महापरिनिर्वाण नहुँदै ३ महिना जति बाकी भएको बेला वैशाली राज्य महावन, जंगल कुटागार विहारमा संघसहित परिषद्लाई देशना गरेको धर्म हो । साँचै कै शुद्ध र छर्लङ्ग हुन्छ । ल पछि पछि भन्नुहोस्–

"स्वयं आफैले, बुझ्नु भएको धर्महरू, भगवान् बुद्धद्वारा, देशना गर्नु भो ।"

अनन्त गुणवान् सयादोद्वारा बर्मिज भाषामा स्मरणिका बनाई जानुभएको छ । केही पनि बढाई चढाइएको छैन ।



Downloaded from http://dhamma.digital

अति स्पष्ट छ ।

"ती धर्महरू, जानी सम्झी राख, बृद्धि गराउनु छ ।"

"ते वो साधुकं उग्गहेत्वा आसेवितब्बा भावेतब्बा बहुलीकातब्बा" ।

ती धर्महरूलाई प्रिय पुत्रहरू, तिमीहरूले स्वयं आफैले सिकी राखुन् । सही भावना विधिलाई जान्न सक्ने गरी स्मृतिप्रस्थान भावना धर्महरूलाई कसरी अभ्यास गर्नु पर्ला ? कसरी भाविता गर्नुपर्ला ? भन्नेलाई राम्ररी सिकी राखुन् । सिकिसकेपछि भावना धर्मलाई शुरुवात् गरुन् । शुरुवात् गरिराखेको धर्मलाई पनि वीर्यको वेग बढाएर स्तर बृद्धि हुने गरी पनि प्रयास गरुन् । तहमाथि तह बृद्धि हुने किसिमले पनि प्रयास गरुन् । अन्तिम रूपमा आशा गरिराखेको धर्म लक्ष्य, मुख्य लक्ष्यसम्म पुगुञ्जेलसम्म पनि प्रयास गरुन् । पालि भाषाबाट देशना गरिराख्नुभएको त्यो धर्मलाई महोपकारक महाशी सयादो महास्थविरले "ती धर्महरूलाई जानी सम्झी राख, बृद्धि गराउनु छ" भनी आज्ञा गर्नुभएको छ । यत्ति भए त अभिप्राय समेटिन्छ । ल त पछि पछि भन्ने– "ती धर्महरू जानी लिइ राख, उन्नति प्रगति गर्नु छ ।"



Downloaded from http://dhamma.digital

शील समाधि प्रज्ञा भन्ने तीन शिक्षा, जुन भगवान् बुद्धका ओवाद उपदेश, अनुशासनलाई उन्नति प्रगति गर्नु छ । प्रथमतः भगवान् बुद्धद्वारा उपदेशित शिक्षालाई सही रूपमा, उचित तवरले गौरव राखी अभ्यास गर्नुपर्छ । धेरै पढ्न अध्ययन गर्नको लागि मात्र होइन । यी धर्महरू यसरी भावना अभ्यास गर्नुपर्छ भनेर जानेका बुझेका निर्देशकहरू, कल्याण मित्र हुनु हुने सयादोकहाँ निकट सम्बन्ध राखी अध्ययन गर्ने, निरीक्षण प्रतिक्षण गरी उचित फल प्राप्त गरी लिन सकिन्छ, गर्यौं भने प्राप्त हुन्छ । त्यसैले भावना अभ्यास विकास गर्दै जानु पर्छ । बृद्धि विकास गर्नुपर्छ भनेको प्रारम्भ गर्नुपर्छ । क्रमिक रूपमा धर्मका स्तर बृद्धि हुँदै उच्च स्तरमा उठ्नु पर्छ, पूर्णरूपमा सफल हुने अवस्थासम्म तह तहरूपमा उन्नति हुने गरी अभ्यास गर्नुपर्छ । त्यो नै प्रगति उन्नति गर्नु भन्नुको अर्थ हो ।

यस्तो प्रगति उन्नति बृद्धि भयो भने कस्तो प्रतिफलहरू निस्किन्छ त ? भन्ने हो भने तत्काल भावना गर्दै आएका व्यक्तिहरू शासनिक अंशियार भएर आएको भयो पो । साना साना भिक्षुहरूले भावना अभ्यास गरे साना भिक्षुहरू नै शासनिक अंशियार हुन्छन्, ठूला ठूला भिक्षुहरूले भावना अभ्यास गरी प्राप्त गरे भने उनीहरू नै शासनिक अंशियार



Downloaded from http://dhamma.digital

हुन्छन् । महास्थविरहरूले भावना अभ्यास गरी अंश प्राप्त गरी लिए भने उनीहरू नै शासनिक अंशियार हुन्छन् । भावना अभ्यास गरनौ भने त अंश प्राप्त हुँदैन । शासनिक अंश प्राप्त नभए शासनिक अंशियार, भागेदार हुँदैन । अति नै स्पष्टसँग देशना गरिराखेको छ ।

एकपछि अर्को व्यक्ति शासनिक अंशियार हुँदै गए भने एक एक गर्दै बृद्धि नै हुँदै जान्छ । परिवारमा एक जना मात्रै शासनिक अंशियार भए पनि, शासनिक भागेदार, अंशियार भएको कारण प्राप्त भएका प्रतिफलहरूलाई राम्ररी जान्ने बुझ्ने हो भने पनि, आफूलाई उच्च स्तरको महत्त्व राखे जस्तै आफूसँग सम्बन्धित, नजिक भएका व्यक्तिहरूको लागि पनि उच्च स्तरको महत्त्व राख्न सकिन्छ । उच्च स्तरको महत्त्व राख्दै आउने हुन्छ ।

भगावन् बुद्धले शासनिक अंशियार भागेदार हुन सक्ने गरी पनि, साँचैको उत्कृष्ट उत्तम मार्गले पनि प्रोत्साहन त गरेकै हो । प्रोत्साहन गरे जस्तै ग्रहण गर्ने व्यक्तिहरूले पनि प्रोत्साहन, निर्देशनलाई पूर्णरूपमा विश्वास गरी उनीहरू पनि शासनिक अंशियार हुने गरी प्रयास गरेकाले बिस्तारै बिस्तारै उच्च तहका खिड्की काट्दै साँचैको शासनिक



Downloaded from http://dhamma.digital

हिस्सेदार हुन्छन् पो । उनीहरू सही अभ्यासित शील समाधि प्रज्ञा भन्ने बौद्ध सभ्यताहरू, बौद्ध आचरणहरू प्राप्त गरी बौद्ध सभ्यताको अंशियार हुने गरी भावना अभ्यास गर्ने व्यक्तिहरू बिस्तारै बृद्धि र विकसित हुँदै जाने हो भने शासन धेरै नै लम्बिने हुन्छ पो । आयु बृद्धि हुने हुन्छ पो । यसरी भावना अभ्यासरत व्यक्तिहरू निरन्तर भइ रहे भने त अझै नै शासन लम्बी लामो समयसम्म तिक्छ नै । प्रतिफललाई यसरी देखाइएको छ, दर्शाइएको छ–

"यथवेदं ब्रम्हचरियं अद्धनियं अस्स चिरट्ठितिकं" । यो पालि भाषालाई नेपालीमा उल्था गरी भन्नेछु । ल ! स्मरणिकालाई पछि पछि भन्नुस्–

"उन्नति प्रगति शासन, लामो समय तिक्नेछ ।"

यस प्रकारले शासनिक अंशियारहरू भएमा त शासन लम्बिन्छ भन्न सकिन्छ पो । यस प्रकार भएन भने त शासन तिक्दैन भन्ने अर्थ लाग्छ पो । स्पष्टै हुन्छ ।

**"पटिपत्ति सद्धम्मोपि हि पटिपत्तिपुरकेसु सत्तेसु असति अन्तर धायति नाम ।**

भावना अभ्यास गर्नु पर्ने पटिपत्ति सद्धम्म



Downloaded from http://dhamma.digital

सत्पुरूषहरूको धर्म, शासन, अभ्यास गर्ने अभ्यासित व्यक्तिहरू छैनन् भने यो शासन बित्छ, शासन सकिन्छ । करिब ५० करोडमा अहिले सही रूपमा आदर गौरव राखी भावना अभ्यास गरेको छैन, सुनेर बुझेर आदर गौरव राखिएको पनि पाइदैन । किताब पढी अभ्यास अध्ययन पनि छैन । अभ्यास अध्ययन आदर गौरव राखी गरे जस्तै अंश पाइसकेको छैन भने नामरूप धर्मको अंशदेखि शुरू गरी अभिञा ज्ञानहरू पनि उत्पन्न भएको हुँदैन । परिपक्व भएको हुँदैन । परिपक्व भएन भने कम्तिमा स्रोतापन्न पनि भएको हुँदैन । अभ्यास अध्ययन गरी प्राप्त हुने सद्धर्म भनिने सत्पुरूषहरूको धर्म, शासन पटिपत्ति अभ्यास अध्ययन गर्ने व्यक्तिहरू छैनन् भने शासन लोप भएको भनिन्छ रे ।

भिक्षुहरू आफैले पनि सही अभ्यास के हो ? थाहा छैन । थाहा पाउने, जान्नेहरूले पनि सही अभ्यास गर्दैनन् । भर्खर माथि सयादोद्वारा ओवादित, उपदेशित "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भन्ने निर्देशन अनुरूप पनि छैन । निर्देशन अनुरूप अभ्यास अध्ययन छैन भने त्यस भिक्षुहरूमा भन्ने भएता पनि शासनिक अंश भाग उसमा हुँदैन । शासनिक अंशियार हुँदैन पो ।



Downloaded from http://dhamma.digital

धर्म त छ, बौद्ध संस्कृतिको पनि सही अभ्यास, सही निर्देशनहरू पनि छन् । साँचै संघहरूमा पनि सही अभ्यास निर्देशनहरू छन् । तर पनि उहाँ (संघ)हरू सँग नजिक नभएकाहरूले, नजिक भए पनि उहाँ (संघ)हरूको निर्देशन अनुरूप अभ्यास नगरेकाले, अरू विषयहरूसँग नै समय बिताएर, आवश्यक विषयहरूलाई बिर्सेर हल्कासँग लिएकाले प्रतिपत्ति सद्धर्म भनिने सत्पुरूषहरूका धर्म भिक्षुहरू स्वयंले पनि पूर्ण हुने गरी अभ्यास गरेनन्, भावना अभ्यास गरेनन् भने यो शासन त्यस भिक्षुको अंश नभएकाले त्यस भिक्षुमा शासनिक अंश विहीन भएको हुन्छ । अल्छी नभई, निरास नभई, हरेस नखाई, कमजोर नभई भिक्षुहरूले आफूमा भएको अल्छी, निरास, हरेसप्रति घृणा, उपहास गर्नुपर्छ । सही अभ्यास र अध्ययन गरे भने त शासन विहीन हुँदैन पो ।

"पटिपत्तिसारा हि सासना" भगवान् बुद्धको शासन, प्रतिपत्ति अभ्यास भावना गरे शासन सार र अर्थयुक्त हुन्छ । भावना अभ्यास गरे मात्रै धर्मको सार अर्थ प्राप्त हुन्छ भनेर स्वयं भगवान् बुद्धले बताउनु भएको छ । हल्का फिक्का हो-होइन जस्तो मात्र होइन । अर्थयुक्त सारयुक्त भएर परिपूर्ण छ । अभ्यास गर्नु होस् । खाली अध्ययनले मात्रै पुग्दैन । किताबसँग रमाएर मात्रै पनि हुँदैन । गुरूहरूसँग रमाएर



Downloaded from http://dhamma.digital

गुरूबाट सिकाउँदैमा हुँदैन । आफैले भावना अभ्यास नै गरेमात्रै बौद्ध धर्मको अर्थ सार निस्कने हुन्छ । भावना अभ्यास छैनन् भने शासनिक हिस्सेदार भएनौ । यसरी निजी सम्पत्ति (शासनिक हिस्सा) नभएका व्यक्तिहरू जीवनमा देखा पर्ने असफलताका रेसाहरू साँचै नै डरलाग्दो छ ।

"पटिपत्तिया हायमानाय सत्ता हायन्ति नाम" भावना अभ्यास (प्रतिपत्ति) धर्म कमी भयो भने, भावना अभ्यास नगर्ने व्यक्तिहरू (सत्वप्राणी) विनाश, असफल हुन्छन् । हाम्रो देशमा पनि कति असफल, विनाश भइरहेका छन्, एकपल्ट हेर्नुस् त । भन्ते भिक्षुहरूमा पनि कति असफल, विनाश, पराजित भइरहेका छन्, हेर्नु पो । यदि कुनै एक भिक्षुमा सही रूपले शीलको अभ्यास पालना छैन, आचरण छैन भने शील उसको निजी सम्पत्ति भएन, त्यस भिक्षुको अंश भएन ।

जो भिक्षुको शील उसको अधिकारमा भएन, उसको निजी सम्पत्ति भएन भने असफल, पराजित भयौ पो । त्यस भिक्षुले दुर्लभ मनुष्य जन्मको अर्थ त्यसको फल प्राप्त गर्न सकेन । मनुष्य जन्म सार्थक तुल्याउन सकेन । शासनबाट प्राप्त हुने प्रतिफल प्राप्त गर्न सकिएन । फेरि शील त छ तर चित्तलाई विपस्सना भावना अभ्यासको बाटोमा लाडिएनन्


Downloaded from http://dhamma.digital

भने पनि चित्त यता जाऊ, उता जाऊ, यता डुल, उता डुल हुँदै चित्तलाई शान्त, निर्मल बनाउन पनि धेरै गाऱ्हो हुन्छ ।

यस्तै नै हो भने चित्तसँग सम्बन्धित विषयहरूमा भिक्षु मृत्यु भइरहेको सरह नै हो । चित्तसँग सम्बन्धित विषयहरूमा सके जति भावना अभ्यास त छ तरै पनि नाम रूप धर्मलाई छुट्याइ जान्नेदेखि शुरू गरी अन्य ज्ञानहरू उत्पन्न हुँदैन भने, त्यही ज्ञानहरू छैनन् भने गलत धारणा, विचार आदि अकुशल कुराहरू हामीमा हट्ने हुँदैन । यो जीवन, यो भव, यो जन्मबाट बोकी आएको नाम रूप धर्मलाई मानिसहरू ब्रह्माजीको हातबाट नै उत्पत्ति भई पृथ्वी, धर्तीमा झरेका हौं, ब्रह्माजीबाट सृष्टि गरेको हो, ब्रह्मा हाम्रा स्रष्टा हुन भन्ने मिथ्या दृष्टि पर्न जाने हुन्छ । आफ्नो भाग्य, कर्म पहिले नै बानी सक्यो भनी, गरीब हुने, सुख दुःख हुने आदि इत्यादि पनि ब्रह्माजीकै हातमा छ भनी विचार गर्ने जुन मिथ्यादृष्टि हो, त्यो पनि हट्ने हुदैन । यी विषयहरू नहटेसम्म, त्यही मिथ्यादृष्टि नहटुञ्जेल त्यही व्यक्तिहरू, मानिसहरू त्यही मिथ्यादृष्टिको पछि पछि लागि गलत धारणामा पर्ने हुन्छ । पराजित हुने हुन्छ । प्रतिपत्तिसँग पराजित, प्रतिपत्ति नै विनाश भयो भने सत्वप्राणीहरू शासनिक अंशियार हुँदैन र नभएको कारण शासनसँग छुट्टिरहेका कारण,



Downloaded from http://dhamma.digital

शासनलाई बिर्सिरहेका कारण सारा अर्थ, सारा तत्वहरू विनाश र नष्ट हुने हुन्छ ।

यस्तो नहोस् भन्नुको खातिर पहिले पहिलेका सयादो भन्तेहरूबाट आफूकहाँ आई आदर सत्कार गर्न आउने, वन्दना गर्न आउने व्यक्ति, भिक्षुहरूलाई "भिक्षुहरू ! भाइहरू ! शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भनी यसैलाई उद्देश्य राखी प्रोत्साहन गर्नुभएको हो ।

स्वेऊमें सयादोले पनि बितेको १२ वर्ष अघि महाबोधि विहारमा बसेको बेलामा सयादोले आज्ञा गर्नुभएको विषयलाई, एक एक गर्दै निर्देशन गर्नुभएका वाक्यहरू कहिल्यै बिर्सिनसक्नु छ । कानमा अहिलेसम्म पनि सुनिरहेको जस्तो हुन्छ । त्यही वाक्यहरू कानभित्र गुञ्जिरहन्छ ।

"मह्य पटिपत्ति कथनमेव भारो" रे ।

प्रिय पुत्रहरू ! म तथागतको कर्तव्य, दायित्व, जिम्मेवारी भनेको सहीरूपमा भावना अभ्यासलाई स्पष्टसँग, छर्लङ्गसँग, प्रष्टसँग देशना गर्नु हो ।

"पटिपत्ति पूरणं पन कुलपुत्तानं भारो ।"



Downloaded from http://dhamma.digital

भावना अभ्यास (प्रतिपत्ति) लाई पूर्ण गर्ने काम देखाए, बताए बमोजिम अभ्यासरत हुनुपर्ने काम त स्वयं कुलपुत्रहरूको दायित्व, कर्तव्य र जिम्मेवारी हो । कुलपुत्र-कुलपुत्री भन्नाले पहिले पहिलेको जमानामा ठूल्ठूलो जात, ठूला भएका व्यक्तिहरूलाई "कुलपुत्त-कुलपुत्र" भनेर भनिन्छ । व्यवहारिक चरित्र ठूला भएका मानिसहरूलाई "आचार कुलपुत्त" भनी भनिन्छ । व्यवहारिक चरित्र आचरण राम्रा भएका व्यक्तिहरू (पुरूष-महिला) बाट त अभ्यास गरेको पाइन्छ । साँचै अभ्यास गर्ने व्यक्तिहरूको दायित्व कर्तव्यचाहिं व्यवहारिक रूपमा अभ्यास गर्नु, व्यवहारिक रूपमा जीवनमा उतार्नु हो । भगवान् बुद्धले उसको दायित्व, कर्तव्य, यसको जिम्मेवारी र आफ्नो दायित्व कर्तव्य जिम्मेवारी यो यो हो भनी छुट्याएर जानुभएको छ ।

"अनुकम्पकस्स सट्ठुकिच्चं यदिदं अविपरित धम्मदेसना ।"

स्पष्ट, प्रष्टसँग अभ्यास गर्न सकोस् र सक्ने गरी सही अभ्यास देशना गर्ने बाटो देखाउन तिमीहरू, प्रिय पुत्रहरूलाई सन्तुष्ट पार्ने म तथागतको कार्य हो । त्यसपछि चाहिं अभ्यास गर्ने व्यवहारमा उतार्ने कर्तव्य, दायित्वचाहिं



Downloaded from http://dhamma.digital

श्रावक, उपासक उपासिकाहरूको कार्य हो । त्यसैले आ-आफ्नो काम कर्तव्य हामीमा धेरै नै छन् र त्यही पूरा गर्नु पनि त्यति नै आवश्यक छ ।

शासनको अंशियार हुन के गर्नुपर्छ ? कसरी अभ्यास गर्नुपर्ला ? भन्ने यो उंद्‌गार वाक्यहरूलाई थाहा पाएदेखि जानेदेखि ममा धेरै नै संवेग उत्पन्न भयो ।

"ओहो ! हामीहरू त बेहोश प्रमादी भई मनुष्य भएर बुद्ध शासनसँग भेटेर पनि शासनसँग नजिक नहुनु, सम्बन्धित नहुनु अति नै दुःख लाग्दो कुरो हो । शासनिक अंशियार हुन सक्ने योग्यता, क्षमताहरू, मौकाहरू हामी भिक्षुहरूमा भएर पनि शासनिक अंशियार नहुनु भनेको अति नै दुःखपूर्ण कुरा हो ।"

आफूले शासनको अंशियार हुने गरी प्रयास गरिराखेको हुनाले, शासनको अर्थ, सार जानी बुझी गयो भने आफू स्वयं आफैले आफूमा गौरवान्वित हुने हुन्छ । आफ्नो नजिक बस्ने, आफ्नो संगतमा परेका सम्बन्धित व्यक्तिहरूलाई पनि उच्च स्तरको मूल्य राख्ने हुन्छ । यसरी मूल्य मान्यता राख्ने चित्तले एकले शुरू गरी सय आदिरूपले बृद्धि विकास हुँदै



Dhamma.Digital

Downloaded from http://dhamma.digital

जाने हुन्छ। यसरी बृद्धि विकास भयो भने यो शासन अभ्यास गन व्याक्तहरूमा पनि शासनिक अंश अंशित भइ यो शासन चिरस्थायी हुनेछ। शासन लामो समयसम्म टिक्ने हुन्छ, लम्बिने हुन्छ।

त्यसैले भगवान् बुद्धको शासनबृद्धि र लम्ब्याउनको लागि शासन प्रति श्रद्धा राख्ने, आदर सत्कार गर्ने व्यक्तिहरू सबैमा जिम्मेवारी र दायित्व रहन्छ। जिम्मेवारी भएका साराले हल्का फिक्का रूपमा त्यस कुरालाई लिएर हुँदैन, हामीसँग त यो कुरा सम्बन्धी छैन भन्न मिल्दैन। सारासँग त्यही दायित्व कर्तव्य र जिम्मेवारी छ भन्ने चेतना राखी आ-आफै स्वयं शासनिक हिस्सा, अंश र भागेदार हुने गरी, प्रयास गरी कम्तीमा पनि एक मार्ग एक फल प्राप्त गरी लिन सक्यौ भने हामी सुरक्षित भयौ पो।

अर्हन्त नभएसम्म त शासनमा आर्यहरूका तह प्राप्त गरी जाने हो भने प्राप्त भए जतिको त शासनिक हिस्सा भागेदार र अंशियार भयौ। त्यही शासनिक हिस्सेदार, भागेदार भएका मानिसहरूले प्राप्त गरिराखेका शासन कहिल्यै पनि लोप नहुने हुन्छ। यो जीवनबाट शुरू गरी अर्हन्त नभएसम्मको जीवनसम्म तह तहरूपमा बृद्धि हुँदै जाने हुन्छ। यस्तो भयो



Downloaded from http://dhamma.digital

भने अहिलेका अभ्यास गर्ने मानिसहरूको लागि पनि प्रतिफल मिल्दैन त ? पाउँदैन त ? शासनिक प्रतिफल प्राप्त हुँदैन त ? (हुन्छ भन्ते ।) । देवताहरूको लागि प्रतिफल हुन सक्दैन त ? (हुन्छ भन्ते ।)

त्यस कारण "तदस्स बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं" भनी प्रतिफलको रूपमा स्वयं भगवान् बुद्धद्वारा देशना गरिराख्नु भएको छ । यसरी स्वयं भगवान् बुद्धद्वारा देशित, निर्देशित भए अनुरूप हामीहरूका अनन्त गुणवान महाशी सयादो भन्तेले "मनुष्य देवहरूमा, सुखयुक्त फल अधिक मात्रामा हुनेछ" भनी स्मरणिका बनाएर जानु भएको छ ।

उन्नति र प्रतिफल भनेको प्रगति, विकास भएमा प्रतिफल बृद्धि हुने हो । जीवनलाई सुरक्षित र निश्चित गर्नु भनेको एक तरिकाले शासनिक हिस्सेदार, अंशियार र भागेदार हुनु हो । त्यसको लागि साँचैकै सही उन्नति प्रगति भनेको सही अभ्यास भन्न सकिन्छ । सही अभ्यास अनुरूप सही रूपमा प्रयोग गर्यौं भने सही प्रतिफल प्राप्त हुने हुन्छ । अभ्यास गर्यौं भने शील, समाधि र प्रज्ञाको साँचैकै आफूभित्र उन्नति प्रगति बृद्धि हुँदै जाने हुन्छ ।



Downloaded from http://dhamma.digital

# सही प्रगति, उन्नति

साधारण तवरले लौकिक रूपमा आफूलाई प्रतिस्थित पार्ने, आफ्नो जीवनलाई उच्च स्तरमा पुऱ्याउने, समाजमा आफ्नो छुटै व्यक्तित्व बनाउने र धनसम्पत्ति कमाउने कुरालाई मानिसहरू आफ्नो जीवन उन्नति, प्रगति र प्रतिफलयुक्त जीवन थान्दछन् । तर त्यही समाजिक प्रतिष्ठा, व्यक्तित्व विकास, आर्थिक उन्नति आदि जस्ता कुराहरूले खाली एउटै जीवनलाई मात्र उन्नति, प्रगति र बृद्धि विकास पुऱ्याउन मद्दत गर्लान् तर त्यही सही जीवन उन्नति भएको मान्न सकिन्न । त्यसलाई सही रूपमा भन्ने हो भने त क्षणिक प्रगति उन्नति बृद्धि र प्रतिफल मान्न सकिन्छ । सही उन्नति प्रगति र प्रतिफल युक्त होइन र भएको छैन, मान्न सकिदैन । त्यही कुराहरू, त्यही सम्पत्तिहरू आफ्नो हो, निजी हो भनी सम्झे पनि विभिन्न कारणवश त्यही उन्नति, प्रगति र सम्पत्तिहरू नष्ट, विनाश हुन सक्छ । आफ्नो अधिन विहीन पनि हुन सक्छ । धनाढ्य भए पनि पछि गरीब हुनसक्छ । आफ्नो सम्पत्ति भनी समाइरहेका सम्पत्ति पनि विलीन भई सम्पत्ति विहीन हुन सक्छ । आज प्रतिस्थित व्यक्तिहरू भोलि प्रतिष्ठा विहीन जीवन विताउन बाध्य हुन्छ । हिजोसम्म धनी



Downloaded from http://dhamma.digital

भनी सम्मानित व्यक्ति भोलिसम्ममा गरीबको नामले चिनिन के बेर ? त्यसैले त्यही लौकिक सम्पत्ति, उन्नति, प्रगति जुन मानिसहरूले सही थानिरहेका छन्, वास्तवमा त्यही सही उन्नति, प्रगति सही सार सम्पत्ति हुँदै होइनन् ।

शील, समाधि, प्रज्ञारूपी धर्महरूलाई सही रूपमा प्रयास अभ्यास गरिराखेको खण्डमा शील, समाधि र प्रज्ञारूपी धर्महरूका अंशियार, भागेदार वा अधिकारी बन्न सकिन्छ । त्यही सम्पत्ति प्राप्त गर्न सक्यौ भने मात्र सही रूपमा आफ्नो जीवनलाई उन्नति, प्रगति र प्रतिफल युक्त गर्न सकेको हुन्छ । सकेको हुन आउँछ । मानिस मात्रामा मात्र नभई देव र ब्रह्माहरूमा सबैमा पनि यही नियम लागु हुन्छ । त्यही मनुष्य देव र ब्रह्माहरूमा पनि शील, समाधि र प्रज्ञारूपी सम्पत्ति भएको खण्डमा मात्र उनीहरूले पनि आफ्नो जीवनलाई उन्नति, प्रगति र प्रतिफलयुक्त बनाएको ठहरिन्छ । यसैले अनन्त गुणवान् सयादोले मनुष्य देवहरूमा सुखयुक्त फल अधिक मात्रामा प्राप्त हुनेछ । यसरी उन्नति प्रगति प्रतिफल युक्त हुन सक्ने धर्म भगवान् बुद्धद्वारा स्पष्ट छर्लङ्गसित देशना गरिराखेको छ । "उन्नति गर्नको लागि, त्यो धर्मदेशना भनी जान ।" उन्नति बृद्धि गर्न सक्ने प्रतिफल युक्त गर्न सक्ने धर्मचाहिं यसरी देशना गरिराखेको छ रे ।



Downloaded from http://dhamma.digital

# बोधिपक्खिय धर्म

"सतिपट्ठान, सम्मप्पधान, चार ऋद्धिपाद, पञ्चइन्द्रिय, पञ्चबल, सात बोज्झंग भनी जान । आर्य अष्टांगिक मार्ग जोडी, अभ्यासरत ३७ धर्म भनी जान ।"

सतिपट्ठान भनेको आरमणहरूमा निरन्तर रूपमा स्थिर रहेको स्मृतिलाई सतिपट्ठान भनिन्छ । चार सम्मप्पधान भनेको "गहिराइभित्र छिर्न, रगतै किन नसुकोस्, जीवन पनि छैन, प्रधान यही सम्मप्पधान" भन्ने उद्गार भनाई र निर्देशन अनुसार जीवनलाई प्रधान नराखी धर्म प्राप्त भयो भने सकियो, बस भनी रिस्क लिई अभ्यास गर्ने एक विधि हो । बहादूरीका साथ, गर्भका साथ अभ्यास गरी प्राप्त कुराहरू महत्त्वपूर्ण हुन्छ । नभइसकेका अकुशलहरू उत्पन्न नगर्नको लागि, भइसकेको उस्तै अकुशलहरूलाई नष्ट विनष्ट र फ्याक्न सक्नको लागि, भइसकेको बृद्धि गरिसकेको कुशल कर्महरू पनि अझै बृद्धि गरी आत्म सन्तुष्टि हुने किसिमले उन्नति बृद्धि विकास गर्नको लागि बहादुरीका, गर्वका साथ निर्धक्कका साथ निश्चिततताका साथ अभ्यास गरी प्राप्त धर्मलाई सम्मप्पधान भनिन्छ ।

अर्को चार ऋद्धिपाद उन्नति प्रगति प्रतिफल पूर्ण हुने



Downloaded from http://dhamma.digital

गरी सफल तुल्याउने हो भने संक्षिप्त धर्महरू हुन् । पञ्चबल धर्महरू, श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा हुन् । बल भनेको आवश्यक शक्ति हुन्, मानसिक शक्ति जुन हाम्रो मन मष्टिस्कमा विद्यमान रहन्छ । त्यही श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल, प्रज्ञाबल हुन् । श्रद्धा बल भनेको सही रूपमा मजबुत विश्वास, आस्था भगवान् वुद्धलाई स्वयं आफैले राखिएको मजवुत विश्वास गरेको, अभ्यास गरी प्राप्त भएको धर्महरूप्रति विश्वास आस्था राखेको हो । त्यही विश्वास, आस्था र श्रद्धावलहरू वृद्धि गरी आफ्नो मन मस्तिष्कलाई श्रद्धा सम्पन्न गर्न भनेको हामीमा अकुशलहरूलाई विनाश गर्ने, नष्ट गर्ने, हटाउने शक्ति भएको हुन्छ । कुशल धर्महरूलाई वृद्धि उन्नति गराउने शक्ति हुन्छ । बारम्बार उस्तै कुशल उत्पत्ति गराउने शक्ति बृद्धि हुन्छ । मनलाई एकत्रित गरी राख्ने शक्ति बृद्धि हुन्छ । मानसिकरूपी ज्ञानहरू साधारणबाट शुरू गरी तह तह बृद्धि हुँदै आउने हुन्छ । यी नै मानसिक शक्तिहरू हुन् । यस्ता बल शक्ति बृद्धि गर्न धर्महरू मनमा, चित्तमा हृदयभित्र उत्पन्न वृद्धि हुँदै आयो भने चित्त, मनमा अति नै शक्ति बल वृद्धि हुने हुन्छ ।

अर्को बोज्झंग धर्म आर्य मार्ग ज्ञानहरूको अंगहरू, अष्टांगिक मार्ग आर्यमार्ग सबै भगवान् बुद्ध स्वयं आफैले



Downloaded from http://dhamma.digital

त्यही विधिहरूलाई छुट्याइ छुट्याइ प्रष्टसँग देशना गर्नु भएको छ ।

त्यही धर्महरू भनेका बोधिपक्खिय धर्म (३७ धर्महरू) हुन् । त्यही धर्महरू आवश्यक भएमा सतिपट्ठान विपस्सना भावना अभ्यास गर्यौं भने सबै समावेश नै हुन्छन् । शारीरिक आरमण नै किन नहोस्, महसुस गर्ने वेदना नै किन नहोस्, मानसिक आरमण नै किन नहोस्, उत्पन्न भएका कुनै पनि आरमण नै किन नहोस्, एक एकलाई स्मृति राखी जान्ने बुझ्ने हुन्छ । गहिरिएर राम्रोसँग चाल पाउनको लागि वीर्य प्रयोग गर्नुपर्ने हुन्छ । कहिलेकाही छन्द बलियो गरी पनि अभ्यास गरेको पाइन त पाइन्छ, मानसिक शक्तिलाई बृद्धि मजबुद पारी अभ्यास गरेको पनि पाइन्छ । कहिलेकाही वीर्य अझै बृद्धि र शुद्ध गरी अभ्यास गरेको पनि नपाइने होइन ।

यसरी हामी प्रयासरत भयौ, अभ्यासरत भयौ भने पछि धार्मिक मानसिक उर्जा बृद्धि हुँदै आउने समयमा आफूमा मानसिक उर्जा भए जतिको धर्म पनि स्वीकार्दै आउने हुन्छ, विश्वास गर्दै आउने हुन्छ । होश स्मृति थपिंदै आउने हुन्छ । श्रद्धा धर्म उत्पन्न हुँदै आउने हुन्छ । सही स्मृति आफूमै बृद्धि र बलियो हुँदै आउने हुन्छ । स्मृति बृद्धि



Downloaded from http://dhamma.digital

भयो भने सही रूपमा मनभित्र, चित्तभित्र समाधि बृद्धि हुँदै आउने हुन्छ। समाधि बृद्धिको कारण सुक्ष्म विषयहरूलाई पनि जान्न बुझ्न र देख्न सक्ने हुन्छ। मानसिक शक्तिहरू बृद्धि हुँदै सुक्ष्म विषयमा प्रवेश गर्न सक्ने भई बोज्झंग धर्महरू पनि विशेषरूपले उदय व्यय ज्ञानसम्म पुग्न सक्यो भने पूर्णता प्राप्त हुँदै आउने हुन्छ। यो अतिनै, साँचैकै आश्चर्यजनक विशेष कुरा हो।

सतिपट्ठान भावना धर्म अभ्यास गरिरहेको खण्डमा सारा धर्महरू यही बोधिपक्खिय धर्ममा संक्षिप्त रूपमा समावेश भएको हुन्छ। अरू धेरै कुराहरूको विशेषरूपमा अभ्यास गर्नु आवश्यक छैन। ल ! मसँग पछि पछि भन्नुस्–

"सतिपट्ठान अभ्यास गरे धर्म सबै पूरा हुन जान्छ।"

सतिपट्ठान अभ्यास उत्पत्ति भए जति सारा चाल पाउने हो। जुन बेला चाल पाउने स्मृति, होश राख्ने शक्ति बलियो हुँदै जाने समय त्यस अभ्यासमा भगवान् बुद्धद्वारा देशित, निर्देशित ओवादित कुराहरू पूर्ण हुँदै आउने हुन्छ।

"येसं केसञ्ची भिक्खवे चत्तारो सतिपट्ठाना विरद्धि। विरधो तेसं अरियो मग्गो सम्मा दुक्खक्खयगामी। येसं केसञ्ची



Downloaded from http://dhamma.digital

भिक्खवे चत्तारो सतिपट्ठाना आरद्धा । आरद्धा तेसं अरियो मग्गो सम्मा दक्खक्खयगामी ।"

(महावग्ग संयुक्त-सतिपट्ठान सूत्र- १५७)

चार सतिपट्ठान धर्मको अभ्यास नगरी सतिपट्ठान धर्म गुमाएका मानिसहरूमा आर्य अष्टांगिक मार्ग धर्म पनि गुमिइएको हुन्छ । पूर्ण हुँदैन पो ।

चार सतिपट्ठान धर्मलाई गुरूसँग नजिकिएर पूर्णरूपमा सन्तुष्ट हुने गरी समय लिएर अभ्यास गर्ने मानिसहरूमा मात्र आर्य अष्टांगिक मार्ग धर्महरू पूर्ण हुन्छ । आर्य अष्टांगिक मार्ग धर्मलाई तीन भागमा विभाजन गरी जोडिने हो भने – सम्मावाचा, सम्माकम्मन्त, सम्माआजीव, सम्यक्वचन, सम्यक कर्म, सम्यक जीविका भन्ने शीलसँग सम्बन्धित मार्ग तीन समावेश भयो । त्यसपछि उत्पन्न भएका सबैलाई, आरमणलाई ननाधिकन, नछुताइकन, नतुताइकन चाल पाउन स्मृति राख्न सक्नको लागि बल सम्पन्न, शक्ति सम्पन्न भएको वीर्य (परिश्रम) पनि समावेश भयो । कारण धर्महरू पनि सम्वन्धित भएकोले गहिरो सुक्ष्म स्मृति पनि समावेश भयो । गहिरिएर चाल र स्मृति राखेकोले, होश राखेकोले, होश राखेका जानेकाहरूमा चित्त समावेश र



Downloaded from http://dhamma.digital

गहिरिएर ठिक ठिक जोड्न जाने हुन्छ । वीर्य, स्मृति, समाधि समाधिसँग सम्बन्धी विषयहरू पनि, मार्ग धर्महरू पनि समावेश भयो । आरमणलाई चाल पाई, चित्त स्थिर भई सही स्वभावधर्महरू बिस्तारै तल्लो स्तरदेखि माथिल्लो स्तरसम्म तह तह गर्दै जानी बुझी गयौ भने प्रज्ञासँग सम्बन्धित मार्ग दुई पनि समावेश भयो । यसरी शील, समाधि र प्रज्ञा धर्महरू समावेश भयो भने सारा धर्महरू समावेश हुनुपर्ने सिद्धियो । सबै नै समावेश भई पूर्ण भयो ।

मैले यहाँ भनिराखेका कुराहरू त केही मात्रामा मात्रै भनिराखेको हुँ, थोरै मात्रमा मात्रै भनिराखेको हुँ । सयादोलाई आधार भरोसा बनाइराख्नु भएका, सयादोको निर्देशनलाई पालन गरिराख्नु भएका व्यक्तिहरूले अभ्यास गरी प्राप्त गरेको कुराहरू त धेरै नै छन् । उत्पन्न भएका आरमणहरूलाई चाल पाई जानी लिइराख्नु भनेको त स्वयं भगवान् बुद्धद्वारा निर्देशित कुरा हुन् । यो नै शासन हो । एकपटक चाल पाउनु भयो भने एक पटक नै शासनलाई जान्न सक्नु हुन्छ । दुई पल्ट चाल पाउनु भयो भने दुई पल्ट नै शासनलाई जान्न सक्नु हुन्छ । शील शासन, समाधि शासन, प्रज्ञा शासन तीनै शासनहरूलाई जान्न सक्नु हुन्छ ।



Downloaded from http://dhamma.digital

एक मिनेटमा कति सेकेण्ड हुन्छ ? ६० सेकेण्ड हुन्छ । यदि एक मिनेटमा ६० सेकेण्ड हुन्छ भने १ सेकेण्डमा एकपल्ट मात्रै चाल पाउने हो भने पनि १ मिनेटमा ६० पटक हामी शासनलाई बुझ्न सक्छौ, जान्न सक्छौ, महसुस गर्न सक्छौ । ५ मिनेटमा ३०० पटक, १ घण्टामा भन्ने हो भने ३६०० पटक शासनलाई जान्न सक्छौ, बुझ्न सक्छौ, महसुस गर्न सक्छौ ।

यसरी भगवान् बुद्धद्वारा देशित निर्देशित भए अनुरूप अभ्यासरत व्यक्तिहरूले, मानिसहरूले शासनलाई पाइरहेको हुन्छ, जानिरहेको हुन्छ । शासन पूर्ण गरिराखेको हुन्छ । अभ्यासरत व्यक्तिहरू मात्रै शासनिक व्यक्ति भइरहेको हुन्छ । तिनीहरू नै शासनिक अंशियार हुन्, भागिदार हुन् । त्यही व्यक्तिहरूलाई नै सही रूपमा शासनिक हिस्सेदार अंशियार भन्न सकिन्छ । भनिन्छ पनि ।

यसरी शासनको हिस्सेदार, अंशियार, भागेदार हुने गरी प्रयास गर्नु भन्ने विषयमा, "स्मृति राख्नु, जान्नको लागि बुद्धको निर्देशन यही हो ।" यसरी भगवान् बुद्धद्वारा महावन कुटागार विहारमा संघहरूलाई ओवाद उपदेश दिनुभएको थियो । त्यसपछि "अप्पमादेन सम्पादेथ" भनी निर्देशन पनि



Downloaded from http://dhamma.digital

गर्नुभएको थियो ।

अप्पमादेन- अप्रमादी स्मृति धर्मले । सम्पादेथ- तीन शिक्षा (शील, समाधि, प्रज्ञा) । बाकी नहुने गरी सारा पूर्ण हुने गरी सम्पादन गर्नु । बेहोशी नभई सम्पादन गर्नु भन्ने भाव हो । बेहोशी नहुनु भनेको त्याग्नु पर्ने, छोड्नु पर्ने, हटाउनु पर्ने विषयहरू त्यागनको लागि, छोड्नको लागि, हटाउनको लागि आफ्नो दायित्व, कर्तव्य जिम्मेवारी कुनै पनि हालतमा नबिगारोस् । अधर्म मार्ग पथतिर नलागी त्यसलाई त्याग्नु, त्यसपछि आफ्नो जिम्मेवारी दायित्व, कर्तव्यहरूलाई पूर्ण गर्नु । धार्मिक बाटोको सही रूपमा अनुशरण गरी पाइला सही ढंगले अगाडि सारी सही ठाउँमा, सही लक्ष्यमा पुग्नको लागि त्यस सही बाटो थम्याउनको लागि आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी कहिले नबिर्सनु, पूर्ण गर्नु भावलाई व्यक्त गर्दछ ।

स्वेऊमें सयादोले पनि आफ्नो निर्देशनमा रहने, आफूलाई आधार भरोसा राख्ने मान्छे (उपासक-उपासिका) हरूलाई बेहोश नहुनु भनी निर्देशन गरी जानुभएको छ । उहाँ सयादो आफ्नो एक चेलाले कान नसुनेको कारणले नजिक आई केही सोधपुछ गरेको बेलामा यसरी कान नसुनेको



Downloaded from http://dhamma.digital

भए त्यसलाई ग्रहण गर्न सक्ने हुनको लागि विशेष तवरले भावना अभ्यास गरी राख्नु है भनी प्रोत्साहन गर्नु हुन्थ्यो । सही हो । विशेष तवरले भावना अभ्यास गरी राखेनौ भने रोग लागेर आएको बेला "म पहिले पहिले राम्रो पुत्र थिएँ । अहिले के भएर आएको, के भएर आइसक्यो" भनी उत्पन्न भएर आएको रोगलाई कारण बनाई असन्तुष्ट भई चित्तहरू पोलेर दुखेर नराम्रो भएर आउँछ । शरीरको स्वभाव धर्मलाई विशेषरूपले जानी बुझी राखेकोले अनित्य स्वभाव, दुःख स्वभावहरू आफ्नो इच्छाअनुसार हुँदैन, उसकै स्वभावअनुसार परिवर्तित हुने स्वभाव धर्मलाई जानी लिए भने धेरै स्पष्ट शुद्ध भएको बलियो शक्ति बृद्धि भएका चित्तहरू उत्पन्न हुने भएकाले लोभ द्वेषरूपी क्लेशहरूलाई छुटकारा दिन सकिन्छ । हटाउन सकिन्छ । ज्ञानरूपी सम्पत्ति भइराखेकोले चित्त शुद्ध, निर्मल, सुदृढ हुन्छ । चित्त शुद्ध निर्मल सुदृढ भएर शक्ति बृद्धि हुँदै आयो भने लोभ उत्पन्न हुने आरमणलाई नाघ्न सकिन्छ । अभिञा प्रज्ञा ज्ञान बृद्धि हुदै चित्त शुद्ध, स्वच्छ, निर्मल भएर आयो भने राम्रा भनिने लोक धर्मसँग सामना भएको बेला त्यो शक्ति खेर जादैन । जसरी पनि सामना गरी बस्न सकिन्छ । यसरी दुःखसँग सामना भएको बेला सामना गर्न सक्ने क्षमता हुनको लागि मेरा शिष्यहरूले भावना



Downloaded from http://dhamma.digital

अभ्यास गरिराखेका छन् भनी सयादोले स्मरण गराई जानुभयो । अति नै राम्रो र उत्कृष्ट छ । अभ्यास गरिराख्नु होस् । दुःखसँग सामना गर्न सक्ने क्षमता बृद्धि गर्नको लागि भावना अभ्यास गरिराख्नु होस् । अति नै आवश्यक र महत्त्वपूर्ण छ । यसलाई नबिर्सनु ।

"नबिर्से मात्रै, जानी स्मृति राखी, तीन शिक्षा पूर्ण गराउनु ।"

तीन शिक्षालाई पूर्ण हुने गरी कस्तो गर्नु पर्ला ? मलाई अनन्त गुणवान महाशी सयादोले भन्नु भएको– "हरेक उत्पत्ति नछुताइ, स्मृति होश राखी राखे, दुई नाम रूप धर्म, कारण कार्य धर्म जान्ने । कहिल्यै दुःखी हुन्न, प्रज्ञा उदय भए अनात्मा जानी निर्वाण छिड्नु" भनी ओवाद निर्देशन दिई जानुभएको थियो ।

"हरेक उत्पत्ति नछुताइ"मा उत्पत्ति भन्ने वाक्य आरमण उत्पत्तिलाई भन्न खोजेको हो । आरमण उत्पत्ति भनेको विशेषरूपमा स्पष्ट हुँदै बुझेर आएको हो । स्पष्टसँग जानी आएको हो । के स्पष्टसंग उत्पत्ति भएर आउँछ भने शरीरमा नाम रूप धर्महरू उत्पन्न भएर आएको हुन्छ । ल ! अब भन्नुस् मेरो पछाडि पछाडि -



Downloaded from http://dhamma.digital

बसाइदेखि लिई उठाइसम्मको क्रियाकलापमा, सर्वप्रथम उठ्ने इच्छा भएको चित्त उत्पन्न हुन्छ, होइन र ? (उत्पन्न हुन्छ भन्ते !)

उठ्ने इच्छा भएको चित्त नाम की रूप ? (नाम हो भन्ते !)

बसाईबाट उठ्ने हो भने उठ्ने चित्त नै प्रथमत उत्पन्न हुन्छ, त्यसलाई जान्नु । त्यही चित्तहरूलाई चाल पाउनु, चाल पायौ भने नाम जानिन्छ कि रूप जानिन्छ ? ( नाम जानिन्छ भन्ते !)

त्यसपछि बिस्तारै तह तहरूपमा माथि माथि उठेर आएको पाउँदैनौ ? (पाउँछौं भन्ते !)

के माथि माथि तह तह उठेर आएको ? रूप धर्म तह तहरूपमा माथि उठेर आएको होइन र ? (सही हो भन्ते !)

त्यसैले हामी उठ्ने क्षणमा मात्र के पाउँछौ ? (नाम रूप मात्र पाउछौ भन्ते !)

मात्र दुई वटा नाम रूप पाउँछौ हामी, होइन र ? ( सही हो भन्ते !)



Downloaded from http://dhamma.digital

यसरी उठेर आइरहेको बेला विशेषरूपमा उत्पन्न हुने भनेको नाम र रूप धर्म मात्रै हुन्। नाम र रूप धर्महरूका पछिल्ला प्रक्रियाहरूलाई पनि जान्ने इच्छा भएमा उठेको चित्तलाई चाल पाउनु पर्छ, स्मृति राख्नु पर्छ। त्यसपछि स्मृति, समाधि बलियो, राम्रोसँग बृद्धि हुँदै जाने बेलामा उठ्ने इच्छा भएको चित्त तह तहरूपमा नामधर्मको स्वभावलाई पनि जान्न सकिन्छ। त्यति मात्र नभई रूप धर्म तह तहरूपमा उत्पन्न भई रहेको अवस्थामा रूप धर्मको सही स्वभावलाई पनि स्पष्टसँग जान्न सकिन्छ, होइन र ?

भर्खरै उत्पत्ति पिच्छे भन्ने शब्दको ठाउँमा उठ्ने भन्ने शब्द राख्ने हो भने हरेक उठ्ने समय नछुताइकन जानी स्मृति राखी, चाल पायौ भने (स्मृति राखिराख्यौ भने), बस्ने शब्द राख्यौ भने, हरेक बस्ने बेला नछुताइकन जानी स्मृति राखी चाल पाई राख्यौ भने, हात खुट्टा खुम्च्यायौ भने, खुम्च्याउने नछुताइकन स्मृति राखी चाल पायौ भने, सिधा राख्दा नछुताइकन स्मृति राखी चाल पायौ भने, खुट्टा सार्यौ भने, सति (हरेक) समय नछुताइकन जानी स्मृति राखी चाल पायौ भने, खुट्टा झार्ने समय नछुताइकन स्मृति राखी चाल पाइराख्यौ भने, उठिरहेको समय नछुताइकन स्मृति चाल पाइराख्यौ भने, स्मृति होश राखि राखे, दुई नाम रूप धर्म,



Downloaded from http://dhamma.digital

कारण कार्य धर्म जान्न, कहिल्यै दुःखी हुन्न, प्रज्ञा उदय भए, अनात्मा जानी निर्वाण छिड्नु । यसरी होइन त ? (हो भन्ते !)

ल ! यो विधिहरूबाट सही अभ्यास गर्नु होस् ।

"हरेक उठाई नछुताई स्मृति होश राखी राखे दुई नाम रूप धर्म, कारण कार्य धर्म जान्ने कहिल्यै दुःखी हुन्न, प्रज्ञा उदय भए अनात्मा जानी निर्वाण छिड्नु ।"

हरेक उठाइलाई पनि सही रूपमा गहिरिएर स्पष्टसँग चाल पायौ, स्मृति राख्यौ भने पछि तह तह हुँदै स्मृति, समाधि र प्रज्ञा बृद्धि हुँदै जाने बेलामा उठ्ने इच्छा भएको चित्त नाम धर्म, उठिरहेको शरीर तह हुँदै रूप धर्म भनी जानेर आउँदैन ? (जानेर आउँछ भन्ते !)

नाम रूप धर्म स्पष्टसँग छुट्टिएर आएको हुन्छ, होइन ? (हो भन्ते !)

यसरी चाल पाएर, स्मृति राखेर निरन्तर नाम रूप धर्म अटूट रूपले होश राख्दै, चाल पाउँदै गयौ भने उठ्ने इच्छा भएको चित्त तह तहरूपमा उत्पत्ति भएको नाम धर्म



Downloaded from http://dhamma.digital

"कारण", उठ्ने रूप धर्मचाहिं "कार्य", यसरी "कारण-कार्य" धर्म पनि जोडिएर जानिदै आउन सकिदैन र ?

"हरेक उठाइ नछुटाइ, स्मृति र चाल पाइरह्यौ भने दुई नाम रूप धर्म, कारण कार्य धर्म बुझिन्छ जहिले"। कारण कार्य हरेक समय जानी स्पष्ट हुँदै आएको हुन्छ।

अनि निरन्तर रूपमा यसरी नै अटूट स्मृति र होश राखिराख्यौ भने स्मृति, समाधि र प्रज्ञाका बल शक्तिहरू बृद्धि हुँदै उभो लाग्ने बेलामा उठ्ने इच्छा भएको चित्त पनि तह तहरूपमा एकपछि अर्को हुँदै उत्पत्ति हुँदै विनाश गर्दै विलाएर गएको प्रक्रिया, उठिरहेको रूप पनि तह तहरूपमा एकपछि अर्को उत्पत्ति हुँदै विनाश भई गएको प्रक्रिया स्पष्टसँग जान्न सकिदैन त ? (सकिन्छ भन्ते !)

यसरी उत्पत्ति विनाश भइगएको प्रक्रियालाई स्पष्टसँग निरन्तर जानिंदै गयौं भने दुःख सत्यलाई पनि जान्न सकिदैन र ? (सकिन्छ भन्ते !)

यो उठ्ने इच्छा भएको चित्त तह तहरूपमा नाम धर्म (कारण) र उठ्ने रूप तह तहरूपमा बृद्धि प्रक्रिया रूप धर्म (कार्य)हरू उसकै स्वभाव अनुरूप उत्पत्ति विनाश गरी



Downloaded from http://dhamma.digital

दिइरहेको हो । कसैले उत्पत्ति विनाश गरी दिइरहेको हो ? कुनै इन्द्र, कुनै ब्रह्मा, कुनै इश्वरले उत्पत्ति विनाश गरिहेको हो कि ? शरीरभित्र रहेको प्राण भएका कुनै जीवले उत्पत्ति विनाश गरिहेको हो ? (होइन भन्ते !)

अनात्मा हो । उसको जुन स्वभाव छ, त्यही नै प्राकृतिक स्वभाविक रूपमा भइरहेको होइन र ? (सही हो भन्ते !)

प्राण भएका कुनै जीवले पनि उत्पत्ति विनाश गरी दिइरहेको पनि होइन, परमात्मा भनिने ब्रह्मा, सृष्टिकर्ता भनाउँदो ईश्वरले पनि उत्पत्ति विनाश गरी दिइरहेको होइन । अनात्मा, यसमा आत्मा भन्ने नै छैन भन्ने कुरा स्पष्ट भइरहेको छ । आत्मा पनि होइन भन्ने कुरा पनि स्पष्ट भइरहेको छ ।

उत्पत्ति भइ आएको प्रक्रिया, विनाश हुँदै गएको प्रक्रियासँगै अनित्य प्रक्रियालाई पनि जानी लिन सक्ने हुन्छ । दुःख स्वभावलाई पनि जानी लिन सकिने हुन्छ । उसको स्वभाव अनुरूप निरन्तर स्वभाविक रूपले उत्पत्ति विनाश भइरहेको हो भनेर पनि जानी लिन सकिन्छ । यो भनेको विपस्सना ज्ञान उत्पत्ति भइआएको हो । विपस्सना ज्ञानहरू



Downloaded from http://dhamma.digital

उत्पत्ति हुँदै अभिबृद्धि भएर आयो भने जति जति ज्ञानहरू प्राप्त हुँदै जान्छ, त्यति त्यति नै क्लेशहरू शान्त हुँदैन र ? (शान्त हुन्छ भन्ते !)

यस विधिले चित्त शान्त हुने गरी विपस्सना ज्ञानले क्लेशमाथि सफलता पाइरहेको हुन्छ । यी भनेका तीन शिक्षा (शील, समाधि, प्रज्ञा) पूर्ण भएको प्रक्रियाको संक्षिप्त विधि हो । उठ्नको लागि गरिने प्रयत्न, उठ्ने इच्छा भएको चित्त पनि जान्न पाइन्छ । उठ्दाखेरि तह तहरूपमा परिवर्तन भइरहेको रूप पनि जान्न पाइन्छ । यसमा धातुहरूलाई विभाजन गरी हेर्‍यौं भने यो उठ्दा तह तहरूपमा परिवर्तन भइरहेको रूपलाई चाल पाई राख्न सक्नको लागि प्रयोग भइरहेको वीर्य (परिश्रम) स्वभाव पाइदैन र ? (पाइन्छ भन्ते !)

परिश्रम गर्नु भनेको वीर्य होइन र ? सही वीर्य हो कि गलत वीय हो ? (सही वीर्य भन्ते !)

सही वीर्य भनेको "सम्मावायाम" मार्ग होइन र ? ( सही हो भन्ते !)

तिखो रूपले, बलियोसँग वीर्य प्रयोग भएबापट उठ्ने



Downloaded from http://dhamma.digital

इच्छा भएको चित्त तह तहरूपमा उठ्दै तह तहरूपमा आएको रूपधर्म आरमणमा चाल, स्मृति होश राख्नु, टांसिगएको स्वभावचाहिं (सम्मा सति) सम्यक् स्मृति मार्ग हो । एक एकलाई छुट्याएर ठिक ठिक स्पष्ट स्पष्टसँग निरन्तर स्मृतिपूर्वक हेर्दै जान सक्नेचाहिं सम्मा समाधि मार्ग हो ।

वीर्य प्रयोग गर्यौ भने स्मृति बृद्धि हुँदै आई त्यसमा चित्त ठिक्क ठिक्क मिल्न गयो भने सही स्वभाव सही रूपले जानी आउने हुन्छ । त्यसमा वीर्य पनि समावेश छ । स्मृति पनि समावेश छ र समाधि पनि विद्यमान हुन्छ । आरमण र स्मृति चित्त एक आपसमा नछुटिकन समाहित भएर रहेको "सम्मा संकल्प" भन्ने वितर्क पनि समावेश हुन्छ । जानिराखेको बुझिराखेको पनि समावेश छ । पांच प्रकारका विषयहरू समावेश भएर गएन ? (हुन्छ भन्ते !)

वीर्य, स्मृति, समाधिलाई समाधि खण्ड, समाधि समूह, सम्मा संकल्प, सम्मा दिट्ठिलाई प्रज्ञा खण्ड, प्रज्ञा समूह । के समाधि प्रज्ञा दुबै समावेश भएर गएन र ? ( समावेश भई जान्छ भन्ते !)

आफैले प्रयास र परिश्रम गरे आफैले पाउने भएकोले



Downloaded from http://dhamma.digital

त्यस समाधि शिक्षा, प्रज्ञा शिक्षा अथवा समाधि शासन र प्रज्ञा शासन कसको भाग लाग्दछ ? जसले उद्योग गर्छ, उसकै भाग लाग्छ, होइन र ? पहिले नै शील शिक्षा पूर्ण गरी राखेको हुनाले शील शासनको पनि भागेदार अंशियार भयो । अर्को एक किसिमले समाधि शिक्षा र प्रज्ञा शिक्षा अभ्यास भइरहेकोले पनि त्यागनु आवश्यक भएको चेतना शीलहरू पनि पूर्ण रूपमा समावेश भएको छ । यसरी सही भावना अभ्याससँगै शील, समाधि, प्रज्ञा तीनै शिक्षा तीनै शासनको भागेदार अंशियार हुँदै जाने हो । यो नै सही रूपमा शासनिक अंश हिस्सा हो ।

पहिलेका श्रद्धेय भन्तेहरूले "शासनिक अंशियार हुने गरी प्रयास गर्नु" भनी निर्देशन गरी जानुभएको यसैलाई उद्देश्य राखी निर्देशन अनुशासन गरी जानु भएको हो । बितिसक्नु भएका महोपकारक गुणवान स्वेऊमें सयादो भन्तेले पनि बितेको १२ वर्ष अघि म बसिरहेको जंगलको विहारमा पाल्नु भई एउटा दाजुकै रूपमा सही सह-धम्मिकको रूपमा सदायोबाट त्यो धर्म उपहार दिएर जानुभएको थियो । अहिलेसम्म पनि मनभित्र गहिरिएर बसेको छ । त्यसैले शासनको हिस्सेदार, अंशियार, भागेदार हुने इच्छा भए शील शिक्षा, समाधि शिक्षा, प्रज्ञा शिक्षा तीनै शासनिक शिक्षा पूर्ण



Downloaded from http://dhamma.digital

हुने गरी अभ्यास गर्नु होस् ल ! पूर्ण भयो भने त्यो शासन आफ्नै निजी सम्पत्ति भयो ।

आफ्नै निजी सम्पत्ति भयो भने आफ्नै निजी सम्पत्ति भएको शील, समाधि, प्रज्ञा शासन कहाँ गई स्थापित हुन जान्छ ? हृदय मनभित्र गई स्थापित हुन्छ, होइन र ? (सही हो भन्ते !)

## चैत्य

जुन बेला हृदय-मनभित्र शील, समाधि र प्रज्ञा शासन स्थापित हुन्छ । यसैलाई "धर्म चैत्य" स्थापित भएको भनिन्छ । चैत्यहरू पनि विभिन्न प्रकारका हुन्छन्–

१) धातु चैत्य,

२) परिभोग चैत्य,

३) उद्दिस्स चैत्य, र

४) धर्म चैत्य ।

धातु चैत्य भनेको भगवान्‌को धातुहरू स्थापना गरी पूजा गर्न बनाइएको चैत्य हो ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धको प्रयोगमा आउने सरसामान एक न एकलाई स्थापना गरी बनाइएको चैत्यलाई परिभोग चैत्य भनिन्छ ।

भगवान् बुद्धको स्वरूप (मूर्ति) बनाई त्यसलाई पूजाआजा, भक्तिभाव गर्ने चैत्यलाई उद्दिस्स चैत्य भनिन्छ ।

त्यही चैत्यहरूलाई बनाउँदाखेरि इट्टा चाहिन्छ, बालुवा चाहिन्छ, ढुंगा चाहिन्छ, पानी चाहिन्छ । सिमेन्ट चाहिन्छ । यी चैत्यहरू भनेका एक क्षेत्रमा एक स्थानमा एउटै मात्रै स्थापना गर्न मिल्छ । त्यसबाट फल प्राप्त गरी लिन चाह्यौ भने स्थापना गरिराखेको चैतिमय पहाडमा गई हामीहरूले त्रिरत्नका गुणहरू स्मरण गर्यौं भने मात्र स्थापना गरेको फल प्राप्त गरी लिन सक्ने हुन्छौं । ईट्टा पनि नसकिने, बालुवा पनि नसकिने, पानी पनि नसकिने, ढुंगा पनि नसकिने, सिमेन्ट पनि केही खर्च नगरिकन स्थापना गर्ने तरिकाचाहिं सतिपट्ठान विपस्सना भावना अभ्यास नै हो । शासनिक हिस्सेदार, अंशियार भयौ भने धर्म चैत्य पनि स्थापना भइगएको भयो ।

बगाँ शहरमा स्थापना गरिराखेका चैत्यहरू बर्मिजहरूकै स्मरणिका अनुसार गिन्ती गर्ने हो भने ४ करोड, ४ लाख, ४६ हजार ७ सय ३३ वटा चैत्यहरू थिए



Downloaded from http://dhamma.digital

रे । अहिले आई हजार गणना जतिको मात्रै बाकी छन् । भगवान् बुद्धप्रति श्रद्धा आस्था राखी स्थापना गर्ने इच्छा भए मुताविक एक क्षेत्रमा एउटै मात्र स्थापना हुनेछ, होइन र ? (हो भन्ते !)

प्रज्ञा, ज्ञान बिना श्रद्धा बलले मात्रै स्थापना भइरहेको हुनाले यस्तो अवस्था भएको हो । करिब ९ सय वर्ष अघि १ हजारजतिको स्थापना गरिराखेको चैत्यहरू अहिलेसम्म पनि हजार गणना नै बाकी छन् । कहिल्यै पनि विनाश नहुने चैत्य गएर घुमी आएकाहरूले पुनः पुनः आफू र अरूलाई पनि निमन्त्रणा गरी घुम्न जान योग्य चैत्य । बिना इट्टा, बिना माटो, बिना पानी र बिना ढुंगा र सिमेन्टले स्थापना गरिएको हो । पहिले पहिलेका बुद्ध भगवान्हरूले आफैले पनि स्थापना गरी सत्वप्राणीहरूका लागि पनि स्थापना गर्नुभएको थियो । यसरी धर्मचैत्य स्थापना भएकोले नै साँचैकै विपुल सुख प्राप्त गरी गएको होइन र ? (सही हो भन्ते !)

त्यही धर्म चैत्यहरूलाई आदर गौरवका साथ स्थापना गर्नु हरेक व्यक्तिमा अति नै आवश्यक र महत्त्वपूर्ण छ । अहिले हाम्रा आधार भरोसा हुनु भएका अति गुणवान स्वेऊमें सयादोबाट हाम्रो हृदयमा उपयुक्त अनुकूल समयमा धर्म



Downloaded from http://dhamma.digital

चैत्य स्थापना गर्नको लागि करूणा राखी निर्देशन गरी जानुभएको होइन र ? धर्म चैत्य स्थापना गर्नुहोस्, धर्म चैत्य स्थापना गरे जस्तै हृदयमा धर्महरू प्रवेश भयो भने त्यो धर्म मृतक धर्म भनिन्छ कि जीवित धर्म भनिन्छ ? (जीवित धर्म भनिन्छ भन्ते !)

धर्महरू त जीवित नै हुन्छन् । भावना अभ्यास गरे जति धर्महरू जीवितवान् भएर रहिरहन्छ ।

सयादो भन्ते बितेर जानु भइसक्दा पनि सयादो भन्तेको अमृतमय उपदेश निर्देशन धर्म देशनाहरू अभ्यास गरी व्यवहारमा उतार्ने व्यक्तिहरूको हृदयमा त्यही कुराहरू स्थापित भई जहिले पनि जीवित भइरहने छन् । त्यही धर्म चैत्य स्थापना गर्नु भनेको आफ्ना गुरूहरूलाई आफूले आदर गौरव राख्नु हो । उहाँ सयादोहरूको देशना अनुरूप, करूणा राखी निर्देशन गरी राख्नुभएको धर्महरूलाई चैत्य उच्च स्तरको हुने गरी हृदयमा स्थापना गर्न प्रयास गर्नु होला । प्रयास गर्यौं भने प्रयास गरे जति धर्महरू हृदयमा जहिले पनि जीवित भइरहने छन् ।

मैले यहाँ बिना प्रमाण कुनै फजुल कुरा बताइरहेको छैन । भगवान् बुद्ध परिनिर्वाण हुने समयमा श्रद्धेय आनन्द



Downloaded from http://dhamma.digital

महास्थविरले उहाँको अति मिलनसार मित्र श्रद्धेय भिक्षु सारिपुत्र महास्थविर पनि परिनिर्वाण भइसके वहाँ पनि हुनु हुन्न। अहिले भगवान् बुद्ध पनि समय नबित्दै परिनिर्वाण हुँदै हुनुहुन्छ रे, उहाँका आदर भरोसा भएका व्यक्तिहरू पनि छैनन् भनी विचार विमर्श गर्दै रहंदा एक किसिमले ठूलो शोकहरू उत्पत्ति भए। त्यस समयमा भगवान् बुद्धद्वारा भिक्षु आनन्दलाई बोलाउन लगाइयो। केही समयमै सामुन्ने उपस्थित आनन्द महास्थविरलाई भगवान् बुद्ध निर्देशन गर्नुहुन्छ–

"आनन्द ! प्रिय व्यक्तिहरूसँग बिछोडिएर बस्नु, छुट्नु दुःख हो भनिकन म तथागतले पनि देशना गरिसकें। म तथागत बितेर गएता पनि म तथागतले ४५ वर्षावाससम्म कुलश प्रतिफल प्राप्त गर्नको लागि देशना गरिराखेको धर्म व्यवहारमा उतारी भावना अभ्यास गर्ने व्यक्तिहरूलाई अभ्यास गरे जति तल्लो स्तरमा नझरीकन उच्च स्तरमा उठाइदिने धर्म प्राप्त हुन जानेछ। गुणहरूको उत्कृष्टता बृद्धि गर्नको लागि नियम, उपदेश सभ्यता र अनुशासित विनयहरू म तथागत बितेर जाने (परिनिर्वाण) समयमा त्यही धर्म विनय भन्ने शासन नै तिमी प्रिय पुत्रहरूको गुरू वा तथागत भगवान् हो।



Downloaded from http://dhamma.digital

यसैले आदरणीय श्रद्धेय भगवान् नभई दिएता पनि आदरणीय श्रद्धेय भगवान् बुद्धद्वारा उपदेशित गर्नुभएका धर्महरू अहिलेसम्म पनि छन् कि छैनन् ? (छन् भन्ते !)

विद्यमान भइराखेका धर्महरू सही रूपमा भावना अभ्यास गर्यौं भने धर्महरू प्राप्त गर्न सक्दैनौ र ? (प्राप्त गर्न सकिन्छ भन्ते !)

धर्महरू हृदयभित्र स्थिर हुन गयो भने त्यो धर्म जीवित भन्ने कि मृतक भन्ने ? (जीवित भनेर भन्नुपर्छ भन्ते !)

म तथागत महापरिनिर्वाण भई जाने समय म तथागतले देशना गरी राखेको धर्म तिमी प्रिय पुत्रहरूको मार्ग निर्देशक हो । धर्मलाई जानियो भने भगवान्लाई जानिन्छ ।

आदरणीय श्रद्धेय एक जना तथागतले गर्नभएका धर्मदेशनाहरू परिनिर्वाण भएको समय सम्ममा धर्मस्कन्ध ८४ हजार छन् भने एक धर्महरूमा एक जना भगवान्सँग दाँज्ने हो भने एक खण्डमा एक भगवान् गरी जम्मा ८४ हजार भगवान्हरू पाइन्छन् । कति आधार भरोसा प्राप्त गरी



Downloaded from http://dhamma.digital

लिन उत्कृष्ट छन् धर्म भनेको । सही रूपमा अभ्यासका साथ व्यवहारमा पनि प्रयोग गरी प्राप्त भएको धर्म हृदयभित्र पुगिरह्यो भने धर्म चैत्य स्थापित भयो भनिन्छ । धर्म चैत्य स्थापित भयो भने बुद्ध भगवान् चैत्य पनि स्थापित भई दिन्छ कि दिदैन ? (भइदिन्छ भन्ते !)

धर्म जीवित हुने गरी अभ्यास गरेकोले अहिले यो भगवान् पनि जीवित भइरहन्छ भनी भन्न सकिदैन र ? ( भन्न सकिन्छ भन्ते !)

यसैलाई आदरणीय श्रद्धेय भगवान् भनिन्छ ।

आदरणीय श्रद्धेय विशेष भगवान् बुद्धलाई आदर सत्कार भक्तिभाव गर्ने इच्छा भएमा के गर्नु पर्ला ? धर्म जीवित, शुद्ध र स्वच्छ हुने गरी अभ्यास गर्नुपर्छ । अहिले स्वेऊमें सयादो बितिसक्नु भएको बेला निर्देशन गरी जानुभएका धर्महरूलाई अभ्यास गर्नु, व्यवहारमा उतार्नुपर्छ । यी धर्महरू अभ्यास गरे, हृदयभित्र धर्म प्रवेश भई शासनको हिस्सेदार, अंशियार भयो भने मात्र हृदयमा धर्म चैत्य स्थापित भएको ठहरिन्छ । धर्म चैत्य स्थापित भएर गयो भने आदरणीय श्रद्धेय पूजनीय बुद्ध भगवान् पनि हृदयमा विराजमान हुन



Downloaded from http://dhamma.digital

आएको हुन्छ । उहाँ आदरणीय श्रद्धेय बुद्ध भगवान्‌लाई श्रद्धापूर्वक आदर प्रकट गरी वहाँको शरणमा सही रूपमा गएको भयो । यस प्रकारको धर्म र अर्थ प्राप्त हुने गरी, सार प्राप्त हुने गरी अभ्यास गर्नु अति नै आवश्यक हुन्छ । धर्म चैत्य हृदयभित्र स्थापना हुने गरी अभ्यास गर्नु अति नै महत्त्वपूर्ण कुरा पनि हो ।

## उत्तम पूजा

यससँग सम्बन्धित भई भगवान् बुद्धले परिनिर्वाण हुने समयमा निर्देशन गरी जानुभएको विशेष घटना पाइन्छ । परिनिर्वाण हुनु हुने भयो भनेर देवहरू, मानिसहरू, ब्रह्माहरूबाट अन्तिम र पछिल्लो पूजाको रूपमा विशेष अर्थले पूजा गर्नुभएको थियो । भगवान्‌द्वारा भिक्षु आनन्द महास्थविरलाई निर्देशन गर्नु हुन्छ–

"प्रिय पुत्र आनन्द ! भिक्षुहरू, भिक्षुणीहरू, उपासक उपासिकाहरू चार प्रकारका परिषद्‌बाट म तथागतलाई यसरी आमिस भनिने सरसामानहरूबाट पूजा गरिरहेको साँचैकै सही रूपमा आदर गौरवपूर्ण र उच्च स्तरको पूजा होइन । म तथागतले निर्देशन उपदेशित गरिराखेको अनुसार



Downloaded from http://dhamma.digital

भिक्षु भिक्षुणी, उपासक उपासिका चार प्रकारका परिषद्ले भावना अभ्यास गरी व्यवहारमा उतार्यो भने म तथागतलाई सही आदर गौरव श्रद्धा आस्था र सही पूजा अर्चना गरेको ठहरिन्छ ।"

आफ्नो गुरूलाई साँचै आदर गौरवका साथ, यही भावना अभ्यासका साथ, पूजा गर्ने हो भने निर्देशन गरिराखेको अनुसार अभ्यास गर्ने हो । यस विषयमा, यस स्थानमा बौद्ध साहित्यद्वारा यसरी उल्लेख गरिराखेको पाइन्छ–

"भगवान्लाई एक मुठ्ठा फूल चढाउनुको प्रतिफल करोडले गुणन गरी अपाय दुर्गति पतन हुँदैन भनिराखेको छ । यस्तो उच्च स्तरको पूजालाई भगवान् बुद्धद्वारा किन प्रशंसा गर्नु भएन होला ? किन त्यसलाई स्वीकार्नु भएन होला ? म तथागतलाई आसिम पूजा सही पूजा गरेको हुँदैन भनी मनैमा छुनै खालको कुराहरू शब्दहरू किन प्रयोग गर्नुभएको होला ।

कारण दुई प्रकारका छन्–

१) अनागत परिषद्लाई प्रोत्साहन गर्ने इच्छा भएकोले अनि अनागत परिषद्लाई उत्कृष्ट बनाउने इच्छा भएकोले,



Downloaded from http://dhamma.digital

२) भगवान् बुद्धद्वारा प्रतिपादन गर्नुभएको शासन चिरस्थायी गर्ने इच्छा भएकोले हो ।

सत्यत: भगवान् बुद्धद्वारा परिनिर्वाण हुने समयमा गरेको पूजाहरूलाई प्रशंसा गरेको भए भिक्षु भिक्षुणीहरूबाट शुरू गरेको आमिस पूजा (सर-सामान, बस्तु समान पूजा) गर्नुमा नै सत्व प्राणीहरूले समय बिताइरहेको हुन्छ । शील समाधि प्रज्ञा भावना अभ्यास धर्मलाई अभ्यास गर्न भुलिरहेको हुनेछ । भिक्षुहरू, भन्तेहरूले उत्सवको समय आयो भने हे ! बुद्धजयन्ती उत्सव नजिकियो, उपासकहरू व्यवस्था मिलाउनु होस्, गत वर्ष त यस्तो यस्तो पो । यो वर्ष अरूहरूभन्दा उत्कृष्ट हुने गरी गर्नुपर्छ आदि इत्यादि रूपले बुद्धपूजा, बुद्धजयन्ती उत्सवहरू मात्रै मनाउने छन् । यस्तैमा नै समय बितिरहेको हुनेछ ।

यसरी सरसामान बस्तुहरूले पूजा गर्नु म तथागत भगवान्लाई सही पूजा गरेको ठहर्दैन, भनिदैन । पूजा गरेको हुँदैन पनि । ग्रन्थमा उल्लेखित भइराखेको महाचैत्य जस्तो ठूल्ठूला चैत्यहरू हजारौं हजार बनाओस् तर पनि मेरो भगवान् तथागतको शासन चिरस्थायी गरी राख्न सकिदैंन । महाविहारहरू चाहे हजारौं हजार नै स्थापना किन नगरोस्,



Downloaded from http://dhamma.digital

तर पनि सही अभ्यास बिना म तथागतको शासन चिरस्थायी राख्न सकिदैन । दिनको एकपल्ट एक बाहुल यागु पिएर शासनिक भार बोक्न सकिदैन । शासन सुरक्षित गरिराख्नु सकिदैन । सही रूपमा शासनको भार बोके शासन सुरक्षित राख्न सकिन्छ । म तथागतले निर्देशन गरे जस्तै भावना अभ्यास गरे व्यवहारमा उतारे, आचरण गरेमा मांत्र म भगवान् तथागतको शासनलाई फेरि फेरि उत्कृष्ट हुने गरी, नमासिने भई शासन पनि चिरस्थायीसम्म लम्बिनेछ भनी स्वयं तथागतले आज्ञा गर्नुभएको छ ।

शासनको उत्तम बीऊ हुने गरी के गर्नु पर्ला ? बौद्ध संस्कृति (बौद्ध आचरण) भन्ने शासन चिरस्थायी हुने गरी के गर्नु पर्ला ? शासन कसमाथि निर्भर हुन्छ ? हामी भिक्षुहरू माथि अहिले भिक्षुणीहरू नभएकाले शिक्षावती भन्ने अनगारिकाहरू माथि उपासक उपासिकाहरूमाथि निर्भर हुन्छ । तर पनि धर्म श्रवण गर्न मात्र गरियो, अभ्यास गरिएन । दान पनि गर्न मात्रै गरियो, शील छैन, समाधि छैन, प्रज्ञा छैन भने शासन कहाँ पुग्न जांला ? शासनको हिस्सेदार होलान् त ? शासनिक अंशियार भएन भने अंशियार नभएका त्यस्ता मानिसहरू व्यक्तिहरू के हुन्छ ? उसमा शासन हराउदैनन् र ? हराउँछ पो ।



Downloaded from http://dhamma.digital

एक समय भगवान् बुद्धलाई एक जना पुण्णा ब्राम्हणले प्रश्न गरेको थियो– "भगवन् ! परिनिर्वाण हुनुभयो भने सद्धर्म भनिने सत्पुरूष धर्म, शासन चिरस्थायी भइरहने कारण के होला भगवान् रे ? शासन चिरस्थायी नहुने कारण के हो भन्ने ? दुई प्रश्न गरिएको थियो ।

भगवान् बुद्ध जवाफ दिनुहुन्छ– चार स्मृति प्रस्थान धर्मलाई पूर्णरूपमा सन्तुष्ट हुने अवस्थासम्म भावना अभ्यास गर्यौं भने शासन चिरस्थायी हुन्छ । भावना अभ्यास गरेनौं भने शासन चिरस्थायी हुदैन पो । यसलाई अट्ठकथाचार्यहरूले सहमति दिई प्रष्ट्याइराख्नु भएको छ । सही हो । भगवान् बुद्धद्वारा व्यक्त गर्नुभएको निर्देशन उपदेश गर्नुभएको कुरा सही हो ।

Dhamma.Digital

"योही कोचि बुद्धेसु धरन्तेसुपि चत्तारो सतिपट्ठाने न भावेति, तस्स सद्धम्मो अन्तरफितो नाम होति देवदत्तादीनं वियं"

(सतिपट्ठान सुत्त, शीलट्ठिति वर्ग, ३८९-३९१)

बर्मिज भाषामा चाहे जो सुकै व्यक्ति होस्, श्रामणेर नै होस्, भिक्षु नै होस्, गृहस्थी उपासक उपासिका नै किन



Downloaded from http://dhamma.digital

नहोस्, चार स्मृति प्रस्थान भावना अभ्यास गरेनौ भने उसको जीवनमा सद्धर्म भनिने सत्पुरूष धर्म हरायो, छैन ।

मैले स्मृति प्रस्थान भावना अभ्यास गरेनौ भने ममा पनि शासन बिलायो, हरायो, छैन । दाता एक जनाले भावना अभ्यास गरेनौ भने दाता एकजनासँगै शासन बिलायो, हरायो, छैन । यसैले चार स्मृति प्रस्थानलाई भाविता गर्यौ भने शासन बिलाउँदैन, हराएर जाँदैन भन्ने अर्थ हुन्छ पो । चार स्मृति प्रस्थान भावना अभ्यास गर्यौ भने शासनिक हिस्सेदार भइरहेको हुनाले यो शासन कहाँ पुग्न जान्छ ? आफूमा नै रहिरहने होइन र ? आफूमा नै रहिरहे शासन बिलाएर हराएर जाला र ? हराउँदैन, बिलाउँदैन पो । यो सूत्र अति नै स्पष्ट नै छ ।

सतिपट्ठान धर्मलाई सन्तुष्ट हुने गरी भावना अभ्यास गर्यौ भने भर्खरै भनी आएको अनुसार शील, समाधि र प्रज्ञा शासन तीनै शासनहरू स्थापित भई जाने हुन्छ । स्थापित भयो भने भगवान्को सबभन्दा मनपर्ने पुत्र पनि हुन्छ, होइन र ? (सही हो भन्ते !)

आफूमा शासन अंशित हुने बेला त्यो शासन बिग्रिदैंन, शासनिक बीजहरू पनि नाश हुँदैन । शासनको उत्कृष्ट


Downloaded from http://dhamma.digital

बीजहरू बढाउने इच्छा भएकोले, शासन लोप गराउने इच्छा नभएकाले भगवान् बुद्धले अन्तिम, विशाल भव्य पूजा सत्कारलाई नकार्नु भएको थियो । सत्य त उत्कृष्ट उच्च स्तरको पूजा सत्कारलाई "परम पूजा" भनिन्छ । उत्कृष्ट उच्च स्तरको पूजा सत्कार गरिकन अनागत, भविष्य शासनिक उत्तम बीजहरू उत्पादन गर्नको लागि भगवान् बुद्ध स्वयं आफैले सरसामान बस्तु प्रत्ययहरूले पूजा आजा सत्कार गर्नुलाई नकार्नु भएको थियो । भावना अभ्यास आचरणले पूजा गर्नुलाई मात्र भगवान् बुद्धद्वारा स्वीकार्नु हुन्छ, मान्यता दिनुहुन्छ ।

## प्रोत्साहन

अहिले बितेर परलोक जानु हुने स्वेऊमें सयादो भन्तेले पनि उहाँका शिष्यहरूमाथि पनि यस्तै भावना अभ्यास गर्नु भन्ने निर्देशन जहिले पनि दिनुहुन्छ । यसै अर्थलाई जानेर, बुझेर शासनिक अंशियार हुने गरी भावना अभ्यास गर्नु । मैले पनि स्वेऊमें सयादोले मलाई दिनुभएको निर्देशन "शासनिक हिस्सेदार हुने गरी प्रयास गर्नु" भन्ने वाक्यलाई नै मध्यनजर राखी शासनिक अंशियार हुने गरी प्रयास गरिरहेको



Downloaded from http://dhamma.digital

छु । ऊ पण्डित जंगल विहारमा शासनिक अंशियार हुने गरी भावना अभ्यास गरिहेको अति नै राम्रो छ भनी उहाँले प्रशंसा र प्रोत्साहन दिनुभएको कुरा अहिलेसम्म पनि सुनिरहे जस्तै झल्झली सम्झिरहन्छु ।

यस वाक्य (शासनिक अंशियार भागेदार हुने गरी प्रयास गर्नु) अनुरूप आचरण गर्ने व्यक्तिहरूले पनि पहिले पहिलेका सयादो भन्तेहरूले आफू कहाँ नजिकिन आउने भन्ते भिक्षुहरूलाई "आवुसो भिक्षुहरू ! शासनिक हिस्सेदार, अंशियार भागेदार हुने गरी भावना अभ्यास गर्नु ल !" भनी प्रोत्साहन दिनुहुन्थ्यो ।

यो सयादो (स्वेऊमें सयादो) कहाँ मानिसहरू (उपासक उपासिकाहरू) आयो भने पनि मानिसहरूलाई शासनिक अंशियार, हिस्सेदार र भागेदार हुनको लागि प्रोत्साहन गर्नुहुन्थ्यो । प्रोत्साहन गर्नु बुद्ध भगवान्कै इच्छा अनुरूप नै हो । भगवान् बुद्धको इच्छा अनुरूप क्रमिक रूपमा गुणवान् सयादो भन्तेहरूको आ-आफ्नो हृदयभित्र धर्म चैत्य प्रतिस्थापित गरी जानुभई शिष्यहरूलाई पनि शासनिक हिस्सेदार अंशियार हुने गरी भावना अभ्यास आचरण गर्नु भन्ने निर्देशन अनुसार हामीहरू आफै पनि शासनिक हिस्सेदार,



Downloaded from http://dhamma.digital

अंशियार हुने गरी निर्देशन प्रोत्साहन गर्नुभएको विषयहरूलाई राम्रोसँग गहनरूपले सुनी लिएर ढुक्क हुन सक्ने अवस्थासम्म, शासनिक हिस्सेदार, अंशियार हुने गरी अभ्यास गर्न सकून् भनी प्रोत्साहन गर्दै आजको उपदेशलाई यही नै टुंग्याउँछु। सबैले हृदयमा धर्म चैत्य स्थापना गर्न सकोस्।


सबैलाई साधुवाद।

❀ ❀ ❀


Dhamma.Digital



Downloaded from http://dhamma.digital



भिक्षु विमलो




जसरी एउटा मान्छेले आफ्नो टाउकोमा आगो लाग्दा त्यो आयो निभाउनको लागि जति प्रयास गर्छ, त्यो भन्दा हजार गुणा प्रयास हामी मानवहरूले मनुष्यभाव सार बनाउन, शासनिक अंशियार हुनको लागि प्रयास उद्योग गर्नुपर्छ। नत्र हातमा हीरा पाए पनि शीसा थानी फ्याकेका अभागी सरह हामी हुनेछौं।

त्यसैले शील, समाधि र प्रज्ञाको सही अभ्यास, आचरण त्यो अचुक औषधि हो, जसले सारा दुःखरूपी, क्लेशरूपी रोगहरु सदाको लागि निर्मूल गरिदिन्छ। यसैको लागि भगवान् बुद्धले उपदेश गर्नुभएका मार्गफलहरूमध्ये कम्तिमा स्रोतापन्न फल प्राप्त हुने गरी प्रयास गर्नु नितान्त आवश्यक हुन्छ। प्रयास किन नगरौं मौका जो मिलेको छ शासनिक अंशियार हुने .....।

- अनु. भिक्षु बिमलो

978-9937-9011-2-3

Downloaded from http://dhamma.digital